प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रियस्तरको (क) वर्गमा वर्गीकृत

# वैजयन्ती

वर्ष १४ अङ्क ५ पूर्णाङ्क ७७ विधाकेन्द्रित साहित्यिक पत्रिका २०७८ पुस-माघ

**संस्थापक**
वसन्तकुमार शर्म्मा 'नेपाल'

**संरक्षक**
राधादेवी शर्मा

**निर्देशक**
विनयकुमार शर्मा नेपाल

**प्रधान सम्पादक**
ठाकुर शर्मा भण्डारी

**सम्पादक**
यादव भट्टराई

**सहयोगी**
कमला नेपाल
महेशप्रसाद रिजाल
भाभा शर्मा
आभा शर्मा
मातृका आचार्य
विभव नेपाल

**प्रकाशक**
**शब्दार्थ प्रकाशन**
चाबेल, काठमाडौं
**Shabdartha Prakashan**
Chabahil Ganeshthan, Kathmandu, Nepal
977-01-4497351 / 9841-496103
email : shabdarthaprakashan@gmail.com
nepal.vk@hotmail.com / nepal120@yahoo.com
web: http://nepalipublisher.com / http://shabdarthaprakashan.com

;'rgf M j}hoGtldf k|sflzt /rgfsf] ;DkOf{lhDd]jf/ :jod\n]vs g}xg\5g\.

# सम्पादकीय

● नेपाली साहित्यको सेवामा समर्पित वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिकाको लक्ष्य भनेको नेपाली साहित्यमा विधागत संवर्द्धन र प्रवर्द्धन गर्नु हो ।

● नाटक/एकाङ्की, चाड/पर्व, संस्कृति, विदेशयात्रा र स्वदेशयात्रा, पूर्वस्मृति, राष्ट्रियव्यक्तित्व, संस्मरण, निबन्ध, मुक्तक, गीत, गजल, गद्यकविता, छन्दकविता, लघुकथा, कथा, लघुउपन्यास, समीक्षा आदि सात सयभन्दा धेरै स्रष्टाका अनेक विधा उपविधाका हजारौं रचना प्रकाशन गरिसकेको सर्वविदित छ ।

● कविता साहित्यको सर्वप्रिय विधा हो । साहित्यका विविध विधामा कविता विधा धेरै लेखिन्छ । कविता अन्तर्गत छन्द, मुक्त छन्द, गीत, गजल, मुक्तक, हाइकू, तान्का आदि अनेक छन् । गद्यकविता अर्थात् मुक्तछन्दका कविताको बाढी लागेको देखिन्छ तर स्तरीयतामा ध्यान जानु पनि जरुरी छ । स्रष्टा/कविले आफ्नो लेखनमा यसतर्फ ध्यान दिनसकेमा मुक्तछन्द कविताको भविष्य उज्ज्वल छ ।

● वैजयन्तीद्वारा साहित्यका विविध विधा मार्फत स्रष्टाका भावनात्मक स्वरूपलाई सम्प्रेषण गर्ने, नित्य नवीनतम मार्ग पहिल्याउने समुद्देश्यले निरन्तर रूपमा प्रकाशित गरिरहेका छौं । यसका प्रत्येक अङ्क विशेष रूपमा प्रकाशित हुने गरेको सन्दर्भ वेला-बखत विद्वान्वर्गमा चर्चा-परिचर्चा हुने गरेको हामीले सुन्ने गरेका छौं, सम्पूर्ण साहित्यिक जगत्को यही सत्प्रेरणाले हामीलाई साहित्यसेवा गर्ने ऊर्जा प्राप्त भएको छ ।

● वैजयन्तीको ७७ औं अङ्कका लागि ९३ ओटा गद्यकविताहरू प्राप्त भएका छन् । वैजयन्तीले गद्यकविता अङ्कको रूपमा १४, २८, ३९, ५२, ५८, ५९ र अहिले यो ७७ अङ्कसमेत गद्यकविताको सातौं अङ्क यहाँहरू समक्ष आएको छ ।

● आफ्नो लक्ष्य अनुकूल वैजयन्तीले सम्बन्धित विधाको जानकारी **वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिका** र **वैजयन्ती साहित्यिक पत्रिका** नामको फेसबुक भित्तोबाट दिइरहेको छ र तदनुकूल लेख रचनाहरू पनि देश विदेशबाट प्राप्त गरिरहेको छ ।

● वैजयन्तीलाई माया गरेर रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा वैजयन्ती परिवार हार्दिक आभार प्रकट गर्दछ । यसका साथै आगामी दिनमा पनि सम्पूर्ण लेखक, साहित्यकार एवं पाठकहरूबाट स्नेह, सद्भाव र सहयोग प्राप्त हुनेछ भन्नेमा हामी विश्वस्त छौं ।

● **शब्दार्थ प्रकाशन**को **वेब साइट** http://shabdarthaprakashan.com वा http://nepalipublisher.com का साथै http://www.khabarinepal.com **को** Hotlink **मा वैजयन्ती**का सबै अङ्क '**डाउनलोड**' गर्न मिल्ने गरी राखिएका छन् ।

संस्कृति-१, पूर्वस्मृति-१, लघुउपन्यास-१, चाड/पर्व-१, नाटक/एकाङ्की-२, गीत-१, विदेशयात्रा-२, मुक्तक-४, गजल-४, राष्ट्रिय-व्यक्तित्व-५, लघुकथा-४, स्वदेशयात्रा-४, संस्मरण-६, गद्यकविता-७, कथा-६, निबन्ध-८ समीक्षा-८, छन्दकविता-११ ओटा अङ्कहरू निकालिसकेको

साहित्यिक पत्रिका **वैजयन्ती**को

७८ औं अङ्क **छन्दकविता-अङ्क-१२** आउनेछ ।

## यस अङ्कमा


| क्रम | कविता | कवि | पृष्ठ |
|---|---|---|---|
| १. | मृत्युको आभास | अच्युत घिमिरे | ७ |
| २. | अन्याय मूर्तिहरूको भीड | अच्युतप्रसाद पौडेल 'चिन्तन' | ८ |
| ३. | आकाशसँग सोध | अनुभूति गुप्ता | ७ |
| ४. | नदी र मान्छे | अनुराधा ढकाल | ९ |
| ५. | खै के दशैं आयो र ? | अम्बिका खरेल उप्रेती | १० |
| ६. | कविताको राजनीति | असफल गौतम | ९ |
| ७. | समीक्षामा आफू | आत्माराम खरेल | ११ |
| ८. | म | आनन्द पौड्याल | ११ |
| ९. | अद्भुत इरेजर | आयुष बडाल | १२ |
| १०. | अस्तित्व | आर. मानन्धर | १२ |
| ११. | विवश एउटा मनुष्य | इन्दिरा चापागाई | १३ |
| १२. | इन्द्रजाल | उत्तमकृष्ण मजगैया | १४ |
| १३. | महायुद्ध | उमाकान्त पोखरेल | १५ |
| १४. | पहाडको वेदना | ऋषिराम भुसाल | १६ |
| १५. | बितण्डा | कर्ण दयाल | १७ |
| १६. | खै कविता लेखेको ? | कुबेर भट्टराई | १८ |
| १७. | फरक बाटो | कुस्मा भट्ट | १९ |
| १८. | सुन्दरता | डा. कुसुमाकर शर्मा गौतम | १९ |
| १९. | जिन्दावाद | कृष्ण प्रधान | २० |
| २०. | माता-तीर्थ | कृष्ण प्रधान | १५ |
| २१. | जङ्गबहादुर र जङ्गे पिलर | कृष्णप्रसाद बस्याल | २२ |
| २२. | जिउनु नै प्रकृति हो | खगेन्द्र खोल्साघरे | २३ |
| २३. | पहिचान | गङ्गा खड्का | २४ |
| २४. | निवृत्त संसार | गोविन्दबहादुर कुँवर | २५ |
| २५. | शरद्को बिहान | डा. घनश्याम न्यौपाने 'परिश्रमी' | २५ |
| २६. | आमा रुनुहुन्छ | चूडामणि नेपाल 'अकिञ्चन' | २६ |
| २७. | अभावमा मन | जेबी खत्री | २६ |
| २८. | सपनाहरू ... | डोरबहादुर के.सी | २७ |
| २९. | घाम | तारा गाउँले | २८ |
| ३०. | द्वन्द्व | तिलस्मी प्रभास | २८ |
| ३१. | भो उसलाई मन्त्री नभनौं | त्रिलोचन ढकाल | ४७ |
| ३२. | अहो ! हामी कति भाग्यमानी | दिव्य गिरी | २९ |
| ३३. | श्रमिक आमाको दिनचर्या | दीप प्रधान | ३१ |
| ३४. | आदर्शको ढोंग रचिरहेको.. | दुर्गाकिरण तिवारी | ३२ |
| ३५. | जीवन पहाडको | देवराज कार्की 'मिलन' | ३३ |
| ३६. | हामी नेपाली | ध्रुवकुमार थापा | ३४ |
| ३७. | चिरनिद्रामा | ध्रुव मधिकर्मी | ३५ |
| ३८. | बिहानी | नारायण खनाल | ३६ |
| ३९. | ऊ | डा. नारायण निरौला | ३७ |
| ४०. | जन्म सिद्ध गर.. | निर्मलरमण पराजुली | ३६ |
| ४१. | अपरिचित मन | नेत्रबहादुर श्रेष्ठ | ३८ |
| ४२. | बाँस | पदम दाहाल | ३९ |
| ४३. | गिद्धदृष्टि | प्रमोदप्रसाद नेपाल | ३८ |
| ४४. | नारी समुद्र पुरुष लहर | प्रीति आत्रेय ज्ञवाली | ४० |
| ४५. | पर्दा खुल्छ | बद्रीप्रसाद ढकाल | ४१ |

| | | |
|---|---|---|
| ४६. विभाजनको रेखा | बाबुराम न्यौपाने 'उत्स' | ४० |
| ४७. पढेको अनपढ ऊ | बाबुराम श्रेष्ठ 'यात्री' | ४२ |
| ४८. खहरेसँग बगरको अनुनय | बिके माकजू | ४२ |
| ४९. बिरानो नदी हुँ म | बिनोद खड्का | ४३ |
| ५०. ब्यूँझ तिमी ! | बिपी सेढाई | ४४ |
| ५१. तिम्रै सब ठीक | भास्कर भण्डारी | ४५ |
| ५२. साधनामा | मञ्जु काँचुली | ४६ |
| ५३. हिंड्ने बेला | मधुर भट्टराई | ४६ |
| ५४. अस्तित्वहिन कोपिलाहरू | मनिराम कडेल | ४७ |
| ५५. अपरिचित | ममता सिंह राठौर | ४८ |
| ५६. फूल | महादेव अधिकारी | ४९ |
| ५७. सुगन्ध | महेशप्रसाद रिजाल | ४८ |
| ५८. अवश्य फर्किन्छु आमा ! | डा. मेघराज ढकाल | ५० |
| ५९. छाया | म्यामराज राई | ५१ |
| ६०. सत्ता र शहर | यादव भट्टराई | ५२ |
| ६१. राजनीति र डस्टबिन | योगेन्द्र तिमिल्सिना | ५३ |
| ६२. जाडो कठाङ्ग्रिंदा | रमेशजङ्ग थापा | ५४ |
| ६३. अस्तुको अस्तित्व | रमेश भट्टराई 'सहृदयी' | ५५ |
| ६४. घडेरी | रमेश समर्थन | ५६ |
| ६५. देशको माटो | रश्मि रिमाल | ६० |
| ६६. ऊ गयो | राजेन्द्र श्रेष्ठ | ५७ |
| ६७. काठमाडौं शहर | राजेशमान के.सी. | ५८ |
| ६८. लेखक मन | रञ्जु खनाल | ५९ |
| ६९. समय | रञ्जुश्री पराजुली | ६० |
| ७०. सागर मन्थन | रामकुमार पण्डित क्षेत्री | ६१ |
| ७१. बुवा नभएको घर | रामप्रसाद पौडेल | ६२ |
| ७२. सन्नाटा | रासा | ५६ |
| ७३. तिम्रै लागि | लक्ष्मण थापा | ६३ |
| ७४. दु:खको हिमनदी.. | लीलाराज दाहाल | ६४ |
| ७५. सम्झनामा बा | विनयकुमार शर्मा नेपाल | ६५ |
| ७६. भित्तो | विनोद दाहाल 'वत्स' | ६४ |
| ७७. सत्ता र स्वाभिमान | विनोद नेपाल | ६६ |
| ७८. अविश्वास | विनोद महत | ६७ |
| ७९. मनको धूलो | डा. विश्वदीप अधिकारी | ६८ |
| ८०. धर्ती नबिर्सनू | विष्णुप्रसाद आचार्य 'अतृप्त' | ६७ |
| ८१. त्यही त छु अगिपछि... | शङ्कर शाह | ६९ |
| ८२. दोबाटो | शर्मिला तिमल्सिना | ६८ |
| ८३. धर्ती मलाई माफ गर | शेखरकुमार श्रेष्ठ | ७० |
| ८४. उज्यालोको खोजीमा | डा. श्यामप्रसाद न्यौपाने | ७१ |
| ८५. बुध्दत्व | समिना खनाल 'पृथा' | ७२ |
| ८६. हामी सत्ता माग्दैनौं | सागर 'मणि' थापा | ७३ |
| ८७. कठै बरा ! | सुमी लोहनी | ७० |
| ८८. बास्ने पोथी | सुरेन्द्रलाल भुजु | ७३ |
| ८९. मन नदुखाऊ है | हरि कोर्काली | ५९ |
| ९०. माटो तिमी र म | हरि थापा | ७४ |
| ९१. साथीहरू आज म.. | हरि पराजुली | ७५ |
| ९२. भित्र | हरिभक्त सिग्देल 'महेश' | ७६ |
| ९३. क्षितिजका पानाहरू | हंसा कुर्मी | ७७ |


## स्थायी स्तम्भ

**आवरण चित्र** : सक्वीन घिमिरे, हाल : क्यालिफोर्निया, अमेरिका


**पुछारको पातो** : गद्यकविताको तत्त्व विनयकुमार शर्मा 'नेपाल' ७८

नेपालका केही पुस्तक पसलहरू : ८१

शब्दार्थ प्रकाशनका पुस्तकहरू : ८४


## वैजयन्ती स्रष्टा सम्मानद्वारा सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| अङ्क १. प्रा.डा.कपिल अज्ञात (समीक्षा) | अङ्क २. राजेश्वर देवकोटा (पूर्वस्मृति) |
| अङ्क ३. बुनू लामिछाने (राष्ट्रिय व्यक्तित्व) | अङ्क ४. उर्मिला लामिछाने (नीतिकथा) |
| अङ्क ५. डा. शैलेन्द्रप्रकाश नेपाल (छन्दकविता) | अङ्क ६. भीष्म उप्रेती (स्वदेशयात्रा) |
| अङ्क ७. युवराज नयाँघरे (स्वदेशयात्रा) | अङ्क ८. डा.रामप्रसाद ज्ञवाली (छन्दकविता) |
| अङ्क ९. प्रा.डा.जयराज पन्त (चाडपर्व) | अङ्क १०. कन्हैया नासननी (विदेशयात्रा) |
| अङ्क ११. भुवनहरि सिग्देल (प्रणयकथा) | अङ्क १२. प्रा.डा.दुर्गाप्रसाद अर्याल (समीक्षा) |
| अङ्क १३. प्रा. गोपीकृष्ण शर्मा (समीक्षा) | अङ्क १४. रामेश्वर राउत'मातृदास'(गद्यकविता) |
| अङ्क १५. डा. घनश्याम न्यौपाने (संस्मरण) | अङ्क १६. प्रदीप नेपाल (संस्मरण) |
| अङ्क १७. प्रा. शिवगोपाल रिसाल (छन्दकविता) | अङ्क १८. विजय चालिसे (निबन्ध) |
| अङ्क १९. प्रकाशमणि दाहाल (निबन्ध) | अङ्क २०. श्रीओम श्रेष्ठ रोदन (संस्मरण) |
| अङ्क २१. रामप्रसाद पन्त (स्वदेशयात्रा) | अङ्क २२. मञ्जुल (विदेशयात्रा) |
| अङ्क २३. नारायण निरासी (छन्दकविता) | अङ्क २४. शशी थापा'पण्डित'(संस्कृति) |
| अङ्क २५. किशोर पहाडी (लघुकथा) | अङ्क २६. ललिता दोषी (एकाङ्की) |
| अङ्क २७. गीताकेशरी (लघुउपन्यास) | अङ्क २८. राधेश्याम लेकाली (गद्यकविता) |
| अङ्क २९. चन्द्रकान्त आचार्य (राष्ट्रियव्यक्तित्व) | अङ्क ३०. देवी नेपाल (छन्दकविता) |
| अङ्क ३१. अमरकुमार प्रधान (राष्ट्रियव्यक्तित्व) | अङ्क ३२. दिव्य गिरी (मुक्तक) |
| अङ्क ३३. सुषमा मानन्धर (कथा) | अङ्क ३४. बूँद राना (गजल) |
| अङ्क ३५. प्रा.राजेन्द्र सुवेदी (समीक्षा) | अङ्क ३६. नरेन्द्र पराशर (छन्दकविता) |
| अङ्क ३७. मेनुका पौडेल (निबन्ध) | अङ्क ३८. कृष्ण बजगाईं (कथा) |
| अङ्क ३९. धीरकुमार श्रेष्ठ (गद्यकविता) | अङ्क ४०. रामकाजी कोने (मुक्तक) |
| अङ्क ४१. प्रा.डा कृष्णप्रसाद दाहाल (समीक्षा) | अङ्क ४२. मुकुन्द शर्मा चालिसे (छन्दकविता) |
| अङ्क ४३. रोचक घिमिरे (संस्मरण) | अङ्क ४४. डा. विश्वदीप अधिकारी (निबन्ध) |
| अङ्क ४५. घनश्याम राजकर्णिकार (संस्मरण) | अङ्क ४६. खिमानन्द पोखरेल (गजल) |
| अङ्क ४७. मञ्जु काँचुली (लघुकथा) | अङ्क ४८. त्रिलोचन आचार्य (छन्दकविता) |
| अङ्क ४९. इन्द्रकुमार श्रेष्ठ सरित् (संस्मरण) | अङ्क ५०. डा.लेखप्रसाद निरौला (समालोचना) |
| अङ्क ५१. भास्कर भण्डारी (निबन्ध) | अङ्क ५२. वासुदेव अधिकारी (गद्यकविता) |
| अङ्क ५३. वासुदेव पाण्डे (गजल) | अङ्क ५४. प्रभा भट्टराई (छन्दकविता) |

## अब हाम्रो पालो

छन्दकविताअङ्क, संस्मरणअङ्क, हाइकूअङ्क, लघुकथा-अङ्क

★ तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं

★ न्यानो कपडा लगाऔं

★ घाम वा आगो तापौं

★ तेल मसाज गरौं

★ शारीरिक व्यायाम गरौं

★ बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घर बाहिर ननिस्कौं

★ ताजा र पौष्टिक खानेकुरा खाऔं

★ जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं

★ स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकमीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



# मृत्युको आभास

**अच्युत घिमिरे**

ठक्कर दिँदै साना सवारी साधनलाई
मृत्युको खबर लेख्न
तछाडमछाड गर्छन्
यात्रुवाहक सवारी साधनहरू
बग्रेल्ती छन् सवारी साधनहरू
सडक साघुँरा छन्
शहरका धनाड्यका जस्तै सपनाहरू छन्
यात्रुवाहक सवारी साधनका
तिनै सपना पूरा गर्न
चाँडो पुग्नु छ गन्तव्यमा तिनले
मृत्युका खबर लेखेर
मोजमस्ती गर्नु छ तिनले
सानाहरूलाई कति कठिन छ बाँच्न
अहो ! कस्तो भय
तिनले हरेक मिनेट
मृत्युको आभास बोक्नुपर्छ
शीतको सौन्दर्य नभएको
मुर्झाएको फूलजस्तो
कति कष्ट छ
सानाहरूको जीवन ।

के तपाईंले
युट्युब र फेसबुकबाट हाम्रो
खबरी नेपाल
Khabari Nepal का
कार्यक्रमहरू हेर्नुभएको छ ?

# आकाशसँग सोध

**अनुभूति गुप्ता**

आकाशसँग सोध
कि सम्झना योग्य के छ ?
उसले हाँसेर मेरो मित्रको
ठेगाना माग्दछ
धर्तीसँग सोध
ममता कहाँ छ ?
उसले हाँसेर मातासँग
मलाई अँगालोमा बेर्दछ
वृक्षसँग सोध
कि घर कहाँ हो ?
उसले आफ्नो हाँगामा
गहन अन्धकारमा
मलाई बासको सहारा दिनेछ
हावासँग सोध
कि शान्ति कहाँ छ ?
उसले मधुर सरसराती वायु
मेरो प्राणमा सञ्चरण गरिदिनेछ
नदीको कलकल
धारासँग सोध
बहँदो समय के हो ?
उसले भन्नेछ
सुख-दुःख
तेरो र मेरो बीच बराबर बाँडिएको छ
आकाश, धरती, वृक्ष, हावा, नदी
आदिसँग सोध- जिन्दगी के हो ?
सायद तिनले भन्नेछन्
अन्तर्मनको झिल्का
कुनै उज्यालोसँग मिलनको लागि
प्रत्येक क्षण तडपिरहेछ
प्रतीक्षा गरिरहेछ ।

लखिमपुर, भारत ।
अनु. विकुश

# अन्याय मूर्तिहरूको भीड

**अच्युतप्रसाद पौडेल 'चिन्तन'**

न्याय नपाए गोर्खा जानु भनेपछि
सिंहदरबारमा सिंह नरहेपछि
गोर्खालाई फूलपातीमा सिमित गरेपछि्
गोर्खाबाटै बन्दुक उठेपछि न्याय त हराउने नै भयो
अकर्मण्यताले अनास्था ल्याएपछि
अनास्थाले अराजकता ल्याएपछि
नेतृत्वमा असमक्षमता आएपछि न्याय त हराउने नै भयो
झोला र झण्डा बोकेपछि
मुद्दा छिन्नेहरू आफै झगडिया बनेपछि
कुटाकुट र मारपिट चलेपछि
अपशब्द र नाङ्गोनाच भएपछि न्याय त हराउने नै भयो
मूर्ति ठिङ्ग उभिएपछि, नक्कली न्यायको कोट भिरेपछि
बोल्दै नबोलेपछि, बेन्चमै नबसेपछि, हाप्सिले हिलो निलेपछि
पसिनाले गाडी टल्काएपछि न्याय त हराउने नै भयो
शब्दकोशमा सेटिङ्गको शब्द बढेपछि
मान्छे नपुगेर बालुवा गिट्टी बेचेपछि
पसलमा नागरिकताको चाङ लाएपछि
आफैले गोरेटो बिर्सेपछि न्याय त हराउने नै भयो
लोकतन्त्र निन्द्रामा गएपछि, सङ्घीयताले फणा उठाएपछि
सिंहहरू गाउँ गाउँ डुलेपछि
आमाका छातीमा लात हानेपछि न्याय त हराउने नै भयो
मन्दिर नै रेस्लिङ स्पट बनेपछि
भोकोलाई ढुङ्गाको लड्डु देखाएपछि
दिन दहाडै दुनियाँ मरेपछि, अगुवाले बाटो बिराएपछि
बिचौलिया र दलालीको भीड बढेपछि
विकृति र विसङ्गतिको शिर चुलिएपछि
बजारले आकाश छोएपछि न्याय त हराउने नै भयो
दुई तिहाईले दम्भ नाघेर जनमतको घोर अपमान भएपछि,
जनताप्रति नै दुहाइ दिएपछि,
देशैभरि धक्का, मुक्का बढेपछि न्याय त हराउने नै भयो ।



# नदी र मान्छे

**अनुराधा ढकाल**

अनादि कालदेखि बगिरहेछ निरन्तर
अहँ, थकानको महसुस नगरी
बग्नु उसको नियमितता हो
ठोक्किँदै, बजारिँदै चट्टानमा पनि
गन्तव्य भुलेको छैन
जसरी भुल्दैनन् चराले
फर्कन साँझ आफ्नो गुँड
पुग्नु छ नदीलाई टाढा समुद्रसम्म
र समाहित गर्नु छ आफूलाई
समुद्रको अनन्त गहिराइमा
जहाँबाट ऊ फेरि फर्कनुपर्दैन
खानुपर्दैन ठक्कर, दुख्नुपर्दैन
छातीभरि अनगिन्ती पीडा बोकेर
मान्छेले जस्तो बाँच्नुपर्दैन
जिन्दगीका वर्षहरू
अङ्कमा जोड्दै मान्छे दौडिरहेछ
जीवन जित्ने होडमा
उसको गन्तव्य कहाँसम्मको हो
केमा छ जीवनको सन्तुष्टि ?
रुपैयाँ पैसा वा बैंसालु उमेरमा ?
कहाँ पुगेर उसको जीवनको
आयतन बढ्ने हो ?
या घट्ने हो गह्रुङ्गो भारी
अनावश्यक चाहना र आशाको
विश्राम हो या समाप्ति थाहा छैन
थाहा छैन कहाँ समाहित हुन्छन्
मान्छेका इच्छा र आकाङ्क्षा
विशाल आकाशको छातीमा
या धर्तीको अनन्त गहिराइमा ?

चितवन, हाल : भैरहवा ।

# कविताको राजनीति

**असफल गौतम**

आन्दोलनको डण्डामा लेखिएका छन्
आक्रोशको गङ्गामा भेटिएका छन्
कविता !
तिम्रो स्वाभिमानको तुलोमा
इज्जत जोखिँदै छ
राजनीतिका नाममा
प्रतिष्ठा पोखिँदै छ
कविताहरू स्वादिला, भरिला र
रङ्गीला भएरै जलझेल भोगेका छन्
बन्धनभित्र पैठेजोरी खेल्दै
जेल नेल भोगेका छन्
यो पटक तिमीलाई
ठूलो पाटीको झण्डामुनि राखियो
फलानो, फलानो र फलानो
त्यसपछि अर्को क्रमैसँग...
आज
सुन्दर कवितालाई दाग लागेका छन्
त्यसैले
वादहीन र झण्डाहीन
जिन्दावाद र मुर्दावाद नबन्नका लागि
कविताहरू भागेका छन्
कविता !
कति दिन चुप लागेर बस्छौ ?
सोध ती स्वघोषित बादशाहहरूसँग
कविताको राजनीति
कहिलेसम्म चल्छ भनेर ।

पुतलीबजार-७, स्याङ्जा ।

# खै के दशैं आयो र ?

**अम्बिका खरेल उप्रेती**

महामारीले विश्व आक्रान्त भएको बेला
वल्लो घरका बा बिते/पल्लो घरका साने बिते
मामा घरमा पीडैपीडा छ/आफन्तलाई जलाउँदाको आघात
कुप्रा बाका सन्तान/तीन पुस्ते मावलीमा पनि
खै, औला भाँच्दाभाँच्दै सूर्योदयको हिउँ झैं
सलल खोलो बगिरहेको छ
हजुरबाका आँखामा यसैबेला उत्साह उमङ्ग
बोकेर दशैं आयो भन्छन्, खुसी ल्यायो भन्छन्
खै के दशैं आयो र ? अनि खुसी ल्यायो र ?
बर्खे भेलसँगै बगर बन्यो बारी
पहिरोको चपेटामा समुद्रमा तैरिन पुगे घरहरू
धानका बाला झुल्ने ठाउँमा सिरू र काँसले साम्राज्य तोक्यो
ढकमक्क फुल्थे शरद्‌मा सयपत्री र मखमली
उनेर सजाइन्थ्यो घर र भाइहरू
खुसी हुन्थे प्रत्येक थुँगाका पत्रपत्रसँग जनावर र पन्छीहरू
खुसीको सीमा तोक्न हम्मेहम्मे हुन्थ्यो सबैलाई समय र परिस्थितिले
मानिसका प्रत्येक खुसीहरू निचोरेर खोस्दा खै के दशैं आयो र ?
राजनीति उथलपुथल भइरहँदा हत्या हिंसाले सीमा नाघ्यो
घरमै पाल्नु परेको छ सपेरा-बलेसीमै वैरी नाच्छन्
बलत्कारीको नाइके संसदमा हुङ्कार मच्चाउँदा
बरर ताली पड्काउँछन् जनताका ठेकेदारहरू
हिंसाको भारीले थिचिसक्यो निरीहलाई
शान्तिको देश नेपालमा बुद्धले आँखा चिम्लिरहेका बेला
अशान्ति मौलाएको बेला खै के दशैं आयो र ?
सत्यतथ्य एकातिर
आडम्बरले नासियो संस्कार र संस्कृति
धमिराले कुटुकुटु खाइसक्यो नियमहरू
फुल्दैनन् बारीमा फूल, झुल्दैनन् घरमा कोक्रो
बेतिथि विरुद्धको आवाज उठ्दैन समाजमा अब
आधुनिक उपकरणमा जन्मदै कैद छन्
आधुनिकताको पर्दाभित्र गुमनाम छ मान्छे
एक्लै एक्लै बन्दी गृहमा रमाउँदा खै के दशैं आयो र ?
खै के खुसी ल्यायो र ?

विराटनगर ।



# समीक्षामा आफू

**आत्माराम खरेल**

ए मलामी हो !
घाट आइपुग्यौं
मेरो लाससँगै
मेरो दुर्व्यवहार पोलिदेऊ
ए मलामी हो !
वनक्षेत्र आइपुग्यौं
मेरो लाससँगै
मेरो सानो चित्त गाडिदेऊ
लाससँगै पोलिदेऊ वा
गिद्धलाई खान देऊ
अन्तिम सास
पिएर, झुन्डिएर,
फाल हालेर, आत्मदाह गरेर
अन्त्येष्टि
जलाएर, गाडेर, गिद्धलाई खुवाएर
स्वयम्
कति पखालें ?
कति फाल हालें ?
कति गाडें ?
कति जलाएँ ?
तेह्र दिनदेखि समीक्षारत
म त मलामी हुँ
जिउँदो लाश हुँ ।

# म

**आनन्द पौड्याल**

म एक प्रकृति हुँ
सबैलाई समान देख्छु
म एक हृदय हुँ
सधैं सत्यतथ्य बोल्छु
म एक दृष्टि हुँ
जानेर कहिल्यै अन्धो हुन्न
म सेताम्य हिमाल हुँ
सधैं गजधम्म लम्पसार हुन्छु
म एक नदी हुँ
निरन्तर बगिरहन्छु
म चन्द्र र सूर्य हुँ
संसारभर उपस्थित हुन्छु
म अदृश्य पवन हुँ
सधैं उपस्थित हुन सक्छु
म ज्ञानले भरिपूर्ण सीप हुँ
दिँदाखेरि चुलिन्छ मेरो भकारी
म दुःख अनि सुःख हुँ
भोगेर अनुभव गरिरहन्छु
म एक ज्ञान कर्मी हुँ
जिउने आधार नै बुद्धि र विवेक हो
म विशाल अर्थभावको किताब हुँ
पढेमा थाहा हुन्छ मेरो बारे
म एक साहित्यिक मन हुँ
शब्दसँग खेल्न सधैं मनपर्छ मलाई
म उपर्युक्तसहित अरू पनि हुँ
किनकि ममा करुणा भाव छ ।

गुल्मी, हाल टोखा, काठमाडौं ।

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।

# अद्‌भुत इरेजर

आयुष बडाल

अन्तरमस्तिष्कले
ऊनको याद मेटाउन
इरेजर पठाएछ
कस्तो अद्‌भुत ?
इरेजरले त न्यानोपन
वर्षाउन पो थालेछ
मान्नै पर्छ अन्तरमस्तिष्कलाई
इरेजरले त न्यानोपन मात्र बर्साएन
उनको यादसँग
दुश्मनी नै गाँस्न भ्याएछ
अब म त सामान्य वस्तु
कहाँ सक्थें र ?
दुश्मन-दुश्मनलाई सँगै राखेर
मुटुको एउटै च्याम्बरमा भोजन गराएर
आफ्नै मुटुलाई युद्ध मैदान घोषणा गर्न
त्यसैले यतिन्जेल ससम्मान
मुटुको च्याम्बरमा हक जमाएकोमा
आजै मैले दिएँ करसहित
उनको यादलाई धन्यवाद
र गरिदिएँ
उनको यादसँग डिबोर्स
पिजडामा कैद भएको म
आज पहिलो पटक
रमणीय यात्रामा निस्केको छु
बश इरेजरको कारण।
हो, उहीं इरेजर अर्थात्
मेरी आमाको कारण

धुलिखेल, काभ्रे।

# अस्तित्व

आर. मानन्धर

तिमी भएरै म भएँ
म भएरै तिमी भयौ
तिमी र म भएरै
हामी भयौं

हामीभित्र प्रेम
प्रेमभित्र हामी
हामी भएरै त प्रेम भयो
प्रेम भएरै त हामी भयौं

तिमी र म अनि प्रेम
डोरीजस्तै आपसमा
बेरिएर, बाटिएर
गाँसिएर, गुँथिएर
एकाकार भइरहेको छ
सृष्टि !

कसैले कसैलाई
कत्ति पनि नबिथोली
नदीहरूसरी
एकअर्का भित्र
पूर्णतः समाहित हुँदै
एउटै धारा भईकन बगिरहेको
बगिरहेको छ
अस्तित्व !



# विवश एउटा मनुष्य

इन्दिरा चापागाईं

वर्षौंदेखि हराएँ म
कहिले गाँस बास र कपासको खोजीमा
कहिले कर्तव्य र जिम्मेवारीको घना जङ्गलमा
आधा जिन्दगी हराएँ म
आफू हराएको सूचना जारी नगरेको मात्र हो
अरू त कसले खोजिदिन्छ र ? किन खोजिदिन्छ र ?
खोज्न थालें आफैले आफूलाई
बुवाआमाको ममतामा खोजें
अप्ठ्यारोमा फलेको फर्सीजस्तो पाएँ आफूलाई
आफ्नो मान्छेको हृदयभित्र खोजें
छेउ-कुना कतै पनि थिइनँ या छेकिएकी थिएँ
फेरि खोजें सन्तानको मस्तिष्कमा
श्यामश्वेत तस्वीरजस्तो चिन्नै गाह्रो धुवाँ, धुलो पोतिएको
तर विश्वस्त भएँ त्यो म नै हो, किन भने
आमाको स्थान त अरूले लिनै सक्दैन
मेरा सन्तान अरूले जन्म दिनै सक्दैन
हेरें आफन्तका सम्झना र मायामा
थोरै केही आफूलाई पाएँ
खोजें समाजिक योगदानका पाइलाहरूमा
आफ्ना पदचापहरू मेटिँदै गएको देखें
अहँ चित्त बुझेन, विक्षिप्त भएँ
आफू हराउनुको पीडाले चिमोटिरह्यो
खोजें राज्यका योगदानका खातहरूमा
जीवनको थोरै सार्थकता साँचेको पाएँ
दराजमा थन्किएको एउटा फाइलभित्र
हेरें पढाइका शैक्षिक सत्रहरूमा
मुस्कुराइरहेको आकृति देखें
फेरि खोजें भोगाइका प्रमाणपत्रहरूमा
छट्पटाइरहेको घाइते छायाप्रति देखें
आफूलाई खोज्ने क्रम जारी छ
यद्यपि अहिलेसम्मको खोजीमा
पढाइमा पास र जीवनमा फेल भएको
विवश एउटा मनुष्य देखें।

सभापोखरी १, संखुवासभा।

# इन्द्रजाल

**उत्तमकृष्ण मजगैया**

हिजोको सहयोद्धा साथी
सत्ताधारी आज कमाल
तेरो विगत दुःखस्वप्न झैं
आज भइस् क्या मालामाल !
ईर्ष्या गर्ने गर्दै गर्छन्
भोका-नाङ्गा सब बेहाल
रिसले मर्ने मर्दै गर्छन्
जित्नेहरूकै हो नेपाल !
छँदै छ पुर्पुरोमा जनको
बाढी पहिरो औ अनिकाल
केही तैंले पनि दे भाइ
फैला पूरै भाषण-जाल !
गुलियो चट्ट चटाउनुपर्छ
ख्वाउनुपर्दछ मीठो माल
मासु चोक्टा नहोस् न बरु
हाडका टुक्राहरू नै फाल् ।
मीठा सपना बाँड्दै गर्नू
कोही गर्छ भने बबाल
सिक्री खोलिदिउँला भाइ
टोक्ने विदेशी कुकुर पाल् ।
सुक्छ सुकोस् यो मेची-काली
सगरमाथा बनोस् पाताल
आलोचना र दोषारोपण
मात्र शत्रुहरूको चाल ।
विपक्षीलाई देखाइदिउँला
बन् तँ हाम्रो बलियो ढाल
चुनाव हामी जिताइदिउँला
चाहिए खै ! बन्दुकनाल ।
ढुकुटी सबै रित्याएछस्
हाम्रो झोलीमा पनि हाल्
अनि हेर्नू तँ हाम्रो शक्ति
बनाइदिउँला धर्ती लाल ।
सोझो गरी घिउ निस्कन्न
पार्नै पर्दछ बाङ्गो चाल
ढुक्कसँग भन् तेरो सत्ता
नेपालकै हो स्वर्णिम काल ।
हामीहरूबाटै हो मिल्ने
सत्ताको सुख स्वाद कमाल
गिदी नदुखा स्वाँठे जनता
राजनीति हो इन्द्रकै जाल !

घोराही, दाङ ।

**शब्दार्थ प्रकाशन**ले
**२२** थरी **शब्दकोश** प्रकाशन गरिसकेको छ र
अझै अरू प्रकाशन गर्दै छ ।
के तपाईं पनि कोशकार हुनुहुन्छ ?
आफ्नो शब्दकोश प्रकाशन गर्न इच्छुक हुनुहुन्छ ?



# महायुद्ध

**उमाकान्त पोखरेल**

एकाबिहानै
सखारै सखारै एक हुल अक्षरहरू
आइपुग्छन् मेरो मस्तिष्कको चौगिर्दमा
र
हैकम जमाउन थाल्छन्
आ-आफ्नो आधिपत्यको
मलाई कति पनि रुचि छैन
तिनीहरू उपस्थित हुनुमा
तिनीहरू भने लागेका छन्
गुटबन्दी बनाउनमा
एउटा भन्छ –
मबाट हुन्छ सुरु तिम्रो दिनचर्याको
अर्को भन्छ –
म यथार्थता हुँ तिम्रो वास्तविकताको
र
गर्नुपर्छ सुरु मैबाट
अनि तल्लीन हुन्छन्
शब्द शब्द मिलेर वाक्य निर्माणमा
चल्छ तिनीहरूमा हैकम र अधिकार
तर चाहन्न म तिनीहरूको उपस्थिति
म सक्दिनँ कदापि यो सबै सहन गर्न
त्यसैले म भन्छु –
आऊ सुरु गरौं आजैबाट
विनाशब्द, विनाअक्षर मोक्ष र निर्वाणको
सक्छौ भने आऊ सुरु गरौं
एक नयाँ जीवन शैलीको
अनि घोषणा गरौं एक नयाँ
महायुद्धको.....!

भद्रपुर-१०, झापा ।

# माता-तीर्थ

**कृष्ण प्रधान**

आमालाई बिर्सेर मानिसहरू तीर्थ घुम्छन्
कुण्ड घुम्छन्/धरती घुम्छन्
आमा-तीर्थ भुल्छन् ।

संसारको पवित्र तीर्थ आमा तिमी हौ
आमाभन्दा पवित्र तीर्थ अर्को छैन
धरतीभन्दा पनि माथि
स्वर्गभन्दा पनि माथि
तिमी छौ आमा / तिमी नभए
यो धरती कसरी स्वर्ग हुन्थ्यो ?
तिमीभन्दा महान् अर्को स्वर्ग छैन
आमा नहुँदा पनि
उनकै पदचापहरू समातेर
अगि बढ्छन् उनका सन्तति
हो, सबैले तेसो नगर्लान्
आमाले तर कहिल्यै
गलत पदचिह्न बनाउँदिनन् सन्ततिलाई

स्वयम् मरेर सन्तानमा लागि
सम्पूर्ण त्याग गर्ने तिमी महान् छौ
तिम्रो छेउमा पुग्दा हामी पवित्र हुन्छौ
हाम्रा सबै पाप पखालिन्छन्
एउटा शीतल छहारी हौ आमा तिमी
तिम्रो नाम स्मरण गर्दा मात्र पनि
चार वेदको भन्दा बढी
वेदध्वनि प्राप्त हुन्छ
मानसरोवरभन्दा पनि
पवित्र तीर्थस्थल आमा तिमी
आमा, तिमी तीर्थ हौ
पवित्र तीर्थ/स्निग्ध तीर्थ
जननी तीर्थ/धरतीभरकै
सबैभन्दा महान् तीर्थ माता-तीर्थ ।

इमाडोल, ललितपुर ।

# पहाडको वेदना

**ऋषिराम भुसाल**

म एक पहाड
युगौँदेखि मलाई हिउँका डल्लाले ठोकिरहेको छ
असिनाका गेडाले ठटाइरहेको छ
पानीका थोपा मेरै जटामा बर्सिरहेको छ
थाप्लोमा सूर्यको प्रचण्ड तेजले सेकेको छ
तैपनि मैले सहजै स्वीकारेको छु
तिम्रै सेवामा जुटिरहेको छु
किनकि म एक अटल पहाड हुँ
मेरा शरीरमा तिम्रा बुटहरू बज्रिरहेका छन्
मलाई तिम्रै आधुनिक औजारले ताछेका छन्
मेरै पाखामा खेल्ने मेरै सन्तानलाई तिमीले हिर्काएका छौ
मेरा पसिनालाई कहिले यता कहिले उता पारिरहेका छौ
तैपनि मैले अझै मेरो धैर्य गुमाइसकेको छैन
यसैगरी तिमीले मेरो मासु च्यातिरहने हो भने
मेरा चोक्टा लुछिरहने हो भने
मेरा दाह्री जुँगा उखलिरहने हो भने
मेरो अस्थिपञ्जर मात्र बाँकी रहनेछ
त्यो बेला मेरो धीरता गुम्नेछ
म आफैँ सम्हालिन सक्ने छैन
मेरो विश्वास डगमगाएर म कमजोर भएँ भने
मेरो थाप्लोको भारी तिमीले बोक्नुपर्नेछ
हिउँका डल्लाले तिमीलाई ठोक्नेछ
असिना तिमीमाथि बर्सनेछ
वायुको बेग तिमीले थाम्नुपर्नेछ
जताततै आँधी र तुफान मच्चिनेछ
मैले थेगेको भार थेग्न नसकेर तिमी
मेरो गर्भमा भासिनेछौ
र अन्तमा तिमी सदाका लागि मासिनेछौ ।

गुल्मी मदाने-२, हाल काठमाडौं ।



# वितण्डा

**कर्ण दयाल**

बिदाइका हात हल्लाएर गइसकेको थियो
काला बादलका ढिस्काहरू
बिजुलीको तेजस्वी, कुहिरोको सेताम्य घुम्टो
मुसलधारे पानीका फोहराहरू
हिलो, मैलो, बाढी, पहिरो र डुबानको
भयभीत सन्त्रासको तामझाम बोकेर
आफ्नो बाटो लागिसकेको थियो
वर्षाको त्यो वितण्डा र आतङ्क
शरद्को आगमनसँगै खुलेको आकाश हेरेर
हाँसिरहेका थिए लेकबेसीहरू
भाका हालेर गीत गाउँदै थिए चराचुरुङ्गीहरू
पाकेर झुलेका धान काटेर निद मिलाउँदै थिए किसानहरू
वर्षभरिलाई जम्मा गर्ने सपना जपेर मस्त निद्रामा डुबेको
लोक र जगत्लाई झुक्याएर फेरि बितण्डा मच्चाउन
असोज जानै लाग्दा कार्तिक आउनै लाग्दाको दोसाँधमा
पश्चिमको बाटो भएर फेरि फर्कियो वर्षाको कोलाहल
राती सुतेको बस्तीले बिहान देख्न पाएन
कतै पहिरोमा च्यापिएर, कतै नदीले बगाएर
नाम निसान सबै नामेट भएको बस्तीहरूको
धर्तीभित्र गायब थिए बस्तीका मान्छेहरूका लास
डोजरले घाइते बनाएका पहाडहरू गर्ल्याम्म ढल्दै थिए
खेतमा काटेका धानका बालाहरू पानीमा तैरिँदै थिए
किसानका आँखाबाट आँसु र निधारबाट पसिना चुहेर
बनेका तलैयाहरूले उसका जिउने सपनाहरू डुबाउँदै
बेमौसमी वर्षाले हैकम र वितण्डा मच्चाइरहेका बेला
सिहंदरबारमा राहत विवरणको निर्देशिका पल्टाइरहेको थियो
मेरो देशको सरकार भनिरहेको थियो सुरक्षित भएर बस्नु
सावधानी अपनाउनु, हामी आउँदै छौं हेलिकेप्टर चार्टर गरेर
टोली खटाउँदै छौं घटनास्थलहरूमा, सूची बनाउँदैछौं
राहत वितरणको अर्को एउटा वितण्डा मच्चाउन ।

मेलौली-७, बैतडी ।

# खै कविता लेखेको ?

**कुबेर भट्टराई**

भन्छ ऊ -खै कविता लेखेको ?
भन्छ कोही- भ्याइन नि !
समस्या पहाडको टाकुराजस्तो भएको छ
चुलिएर, पोखिएर छताछुल्ल/अवाक् ! निस्तब्ध ! लम्पसार !
कविता, मधुरो बत्तीको उज्यालोमा पनि त लेखिन्छ नि !
स्वर कसैको शून्यतालाई चिरेर
एक फ्वाक तम्बाकूको लतजस्तो
एक चुस्की ह्वीस्कीको नशाजस्तो
प्याक र गिलास स्वाद बोलिरहेको जिब्रो
अनि रङ पोतिएका शब्दहरू पारिवारिक तनावले
आधा कपाल दुख्ने बानी परेकाहरूलाई
पनि त कविताको जोहो भएन यसपाली
ऊ भन्ने गर्छ- कविता उर्लनुपर्छ यार ! बाढी नै आउनुपर्छ
छिचिमिरा जस्तो, गङ्गटाजस्तो, भ्यागुताजस्तो
अरू नै के के जस्तो नभएर कविता
उड्ने पन्छीजस्तो स्वतन्त्र हुनुपर्छ स्वतन्त्र
कविता लेखिनु मात्र होइन पढिनु पनि पर्छ
कविता जीवनको निमित्त लेखिनुपर्छ
आफ्नो जीवनको शपथ थैलीमा सजाउनु पनि पर्छ
र हरेक शैली दिनचर्या पनि त बन्नुपर्छ कविता
चुपचाप प्रश्नकर्ता सवालको पोको च्यापेर
आफ्नै मन र माथिङ्गलको कठघरामा मौन उभिरहेको हुन्छ
झ्यालबाट जूनले चियाएपछि आकाश रुन खोज्दा
शरद्ले प्रकृतिको स्वरूप बदल्न लाखौं कोसिस गर्दागर्दै
एक थोपा कविता स्पन्दनको गहिराइबाट
सेता परेवासरह स्वतन्त्र
आँगनमा शब्दहरूकै पछ्यौरी, तन्ना र मजेत्रो ओडेर
मृदुल मुस्कानले शरदलाई चियाइरहेको हुन्छ
शरद्ले स्पर्श गरिरहेको हुन्छ कवितालाई
हरेक वालमा मज्जासँग लतपतिएका हुन्छन्
कुरूपलाई सुन्दरताले बर्को ओडाइरहेको हुन्छ ।

गान्तोक, सिक्किम ।



# फरक बाटो

**कुस्मा भट्ट**

इच्छा आकाङ्क्षाहरूलाई सन्तुष्टि दिन नसकेकै दिनदेखि
मेरा सपनाहरूले पनि आत्महत्या गरेका हुन्
यो उजाड जिन्दगीका हजारौं सपनाहरूलाई
आर्यघाटमा अन्तिम दागबत्ती दिएको दिनदेखि नै
मेरा आँखासामु आउने हरेक सपनाहरूले
फरक बाटो मोडेका हुन्
त्यो फरक बाटो
जहाँ सपनाहरूले आत्माहत्या गर्नुपर्ने बाध्यता छैन
आकाङ्क्षाहरूलाई असन्तुष्टि भइरहनुपर्ने विवशता छैन
सपनाहरूलाई कोपिलामै निमोठेर फ्याक्नुपर्ने परिबन्द छैन
अधुरा सपनाहरू जलाउने चिहान छैन
आफ्ना सपना पूरा गर्न
अरूको सपना हत्या गर्ने हत्याराहरूको भीड छैन,
त्यो फरक बाटो
जहाँ हरेक सपनाहरू
फरक फरक तवरले फक्रिन पाएका छन्
सार्थकता पाएका छन् ।

कुस्मा ।

# सुन्दरता

**डा. कुसुमाकर शर्मा गौतम**

कतिले पर्दा खोलेर हेरे
कतिले पर्दाभित्रैबाट चियाएर हेरे
कतिले आँखा खोलेर हेरे
कतिले आँखा चिम्लेरै हेरे
बन्द गरी बाहिरी आँखा
कतिले मन भित्रैका आँखा उघारी हेरे
हेर्नु के नै छन् भन्नेले पनि हेरे
आँखा तर्नेले पनि कर्के नजरले हेरे
छोपेर राख्न सकिनौ तिम्रो सुन्दरता
मैले झन् तलदेखि माथिसम्म आँखा नझिम्काई हेरें ।

# जिन्दावाद

**कृष्ण प्रधान**

अविराम, अनवरत, अहर्निश
आफ्नै धुनमा बगिरहेको टिष्टाको पानीलाई
मुर्दावादको नाराले शिरदेखि पुछारसम्मै
छेकाबार लगाई स्याप्पै सुकाएर
हामीले युगौंदेखि फलाँक्दै आइरहेका
गगनभेदी जिन्दावादको समवेत् नारा
फुर्मास नगरी सुकिसकेको टिष्टामा
थाकैथाक पारेर राख्दा पनि
टिष्टाको छातीमा नअटाउने भइसकेको छ
र पनि हाम्रो जिन्दावाद कहिल्यै रोकिएको छैन
उफ्री-उफ्री, मच्ची-मच्ची जिन्दावाद
फलाँक्ने गगनभेदी स्वर सुकेको छैन
गुञ्जी नै रहेछ अविराम, अनवरत, अहर्निश
घाँटी फुटुञ्जेल, छाती चर्किञ्जेल
मुटु फुटुञ्जेल, स्वर सुकिञ्जेल
फलाँकेका जिन्दावाद
टिष्टामा थाकैथाक लागेको जिन्दावादको छातीमा
टिष्टा वरिपरिका तमाम बाँदरहरू कति बुर्कुसी मार्दा हुन्
कति उफ्री-पाफ्री गर्दा हुन् बूढा ढेढु र ढेढुनीहरू
हाम्रो जिन्दावादको थाक चेपेर मस्त निदाउँदा हुन्
हाम्रै जिन्दावादको थाकमा अडेसिएर
आ-आफ्ना पतिदेवका टाउका मुसार्दै
जुम्रा टिप्दै आफ्नो मुखमा हाल्दा हुन्
जिन्दावाद बाँदरहरूको टुँडिखेल भएको छ
ढेढुहरूको निदाउने डसना नै भएको छ
ढेढुनीहरूको जुम्रा मार्ने थलो भएको छ
लिखुभीरको पैह्रोले टिष्टामा थाक लागेको
हाम्रो जिन्दावादलाई कुरीकुरी गर्दो हो
बाँदरहरूको चुरीफुरी देखेर
हाम्रो जिन्दावादलाई विषदृष्टिले हेर्दा हो
हाम्रो जिन्दावाद काँक्रालाई थाक्रो दिए थाक्रै धनी भएजस्तो छ
हाम्रो जिन्दावाद वेश्याको सिन्दूरजस्तो भएको छ



हाम्रो जिन्दावाद पानीलाई खुकुरीले छिनाउन खोजेजस्तो भएको छ
हाम्रो जिन्दावाद ढुङ्गालाई पकाउन खोजेजस्तो भएको छ
हाम्रो जिन्दावाद खोलाको गीतजस्तो भएको छ
हाम्रो जिन्दावाद अँध्यारोमा ढुङ्गा हानेजस्तो भएको छ
हाम्रो जिन्दावाद डोकोमा दूध दुहेजस्तो भएको छ
तरै पनि बाँदरको पुच्छर लौरो न हतियारजस्तो
यो जिन्दावाद हामी फलाँकिरहेका छौं
वरको सिन्का पर नसार्ने नेताहरूलाई
बुरूक बुरूक पार्न, मक्ख र पक्क पार्न
हामी जिन्दावाद चिच्याइरहेका छौं
जिन्दावाद फलाँकिरहेका छौं
तर नेताहरूलाई हाम्रो जिन्दावाद
कानो गोरुलाई औंसी न पूर्णेजस्तै लाग्दो हो
आदरणीय नेताहरूलाई हाम्रो जिन्दावाद
बाँदरको हातमा नरिवल परेजस्तै लाग्दो हो
कसैकसैलाई चाहिँ
बाँदरले अदुवा मरक-मरक चपाएजस्तै लाग्दो हो
हामी भने कहिल्यै नपाउनेले केरा पाएजस्तै
जिन्दावाद फलाँकिरहेका छौं।

सिलिगुडी, भारत।

**साहित्य संवर्द्धन केन्द्र, नेपाल**

६. **'जम्बकुमारी-टीकावल्लभ साहित्य सम्मान'बाट सम्मानित**
२०७३ परशु प्रधान
२०७४ डा. राजेन्द्र विमल
२०७५ गणेश रसिक
२०७७ उत्तमकृष्ण मजगैयाँ
७. **'गुरु रामप्रसाद श्रेष्ठ साहित्य सम्मान'बाट सम्मानित**
२०७४ रोहिणीविलास लुईटेल
२०७५ बालकृष्ण उपाध्याय
२०७७ डिल्लीराज अर्याल
८. **'निर्मला-प्रेम साहित्य सम्मान'बाट सम्मानित**
२०७४ नेपाल बाल साहित्य समाज
२०७५ प्रमोद प्रधान
२०७७ रञ्जुश्री पराजुली
९. **'पुण्य तिलस्मी सरह दर्शन साहित्य सम्मान'बाट सम्मानित**
२०७७ विद्यानाथ उपाध्याय
१०. **'नन्द आनन्द दुल्की साहित्य सम्मान'बाट सम्मानित**
२०७७ नारायण तिवारी
११. **'आमोई पद्याख्यान पुरस्कार'बाट सम्मानित**
२०७७ होमनाथ सुवेदी

# जङ्गबहादुर र जङ्गेपिलर

**कृष्णप्रसाद बस्याल**

भन्लान् कसैले जहानिया शासनको जग बसालेको भनेर
आफ्नो शक्ति सञ्चय गर्न कोतपर्व पनि मचायो भनेर
इतिहासको कालखण्डमा
हुन सक्छ आवश्यकताले जन्माएको घटनालाई
तिमी स्वतन्त्र छौ राम्रो नराम्रो जे भने पनि हुन्छ
छरिएको सत्ता र अस्थिर राजनीतिबाट
शान्ति र स्थायित्व कसरी हुन्छ इतिहास पढ्नेले बुझ्े हुन्छ
कहिले थापा र पाण्डेहरूको शक्ति सङ्घर्षमा च्यापिएको देश
कतै दरबारिया दाउपेच र षड्यन्त्रले
अस्थिर राजनीतिको भूमरीमा फँसेको देश
म एक निमित्त मात्र थिएँ⁄सुम्पेको जिम्मेवारी पूरा गर्न
शायद नियतिबाट खटाइएको थिएँ
निरन्तर आक्रमण र झगडा गरिरहने उत्तरलाई आफ्नै सत्प्रयासले
थापाथली सन्धि गरेर सधैंको मित्र बनाएँ
सिपाही विद्रोहमा अङ्ग्रेजलाई रिझाएरै भए पनि
सुगौली सन्धिबाट गुमेको केही भाग
नयाँ मुलुक फर्काएर ल्याएँ
सिमानामा कतै कचिङ्गल नहोस् भनेर
जङ्गेपिलर पनि राख्न लगाएँ
सुन्छु अहिले चुनाव जितेर आएका जनप्रतिनिधिले
त्यही जङ्गेपिलर पनि कति सारिए, हराए, उखेलिए
सिमानामा गई हेर्न भ्याउँदैनन्
सांसद कोष त पछि लिँदै गरौंला
पहिला देशको सिमाना रक्षार्थ खर्च गरौं भन्न सक्दैनन्
यौटा कुरा भन्नै पर्ने हुन्छ-पुर्खाको आर्जन जोगाउन खोज्नेले
वर्तमानको आँखाले विगतलाई सराप्न पाइँदैन
जसरी आजको नेपाल र यसको माटोमा टेकेर
पृथ्वीनारायण शाहलाई साम्राज्यवादी भन्न पाइँदैन ।

चावहिल काठमाडौं ।



# जिउनु नै प्रकृति हो

**खगेन्द्र खोल्साघरे**

प्रकृतिको सुन्दर बगैंचा
बगैंचाका सुन्दर फूलहरू
टुपु टुपु कोपिलाँउछन्
फूलहरूकै रहर भएर
ढकमक्क फुलिदिन्छन्
प्रत्येक वसन्तमा
उनै फूलहरूकै फूल भएर

बगैंचा प्रकृतिको हो
फूल प्रकृतिको हो
साँच्चिकै अर्थमा यहाँ
फूल बगैंचाको पनि हो
फूलको बगैंचामा
फूल फूलकै लागि फुल्ने न हो ?
सही अर्थमा उपभोक्ता नै जीवन हुँदा
उपभोक्ताका फूलहरू
ढकमक्क फुल्दछन्
रहरहरू मगमग मगमगाँउछन्

दृष्टि सुन्दर हुन सक्छन्
नहुन पनि सक्छन्
फूलप्रति सबै फूलहरूमा
मगमगाँउदा थुँगाहरू
आँखा अगाडि झुल्दा
को न लेभिँदो हो ?
को न सुम्सुम्याऊँ भन्दो हो ?

तर पनि बच्नुपर्छ
फूलहरूकै बगैंचामा फूलहरू
फूलहरूकै दृष्टि दृष्टिबाट
टिप्ने र टिपिइने दुवै आत्माबाट
जोगिइनु नै पर्छ
क्षणिक रहरमा टिपेर मिल्काउनेदेखि
चुँडेर सुँघ्नेसम्मबाट
फूल टिपिँदा, निमोठिँदा,
देखिने भोगाइहरू
आँखा अगाडिका रहरहरू
रहरमा भुलाउनु भुल्नु हुँदैन

फूलमा जीवन छ
फूलमा रगत छ
फूलमै जगत् छ
मुस्कान छ त्यतिकै राम्रो
रहर छ फूलप्रति
सबै फूललाई साँच्वीकै रहर छ

फूल जीवन हो
जीवनकै लागि
फूल रहर हो
जिउनकै लागि
फगत रहर हो
प्रकृति जिउनु
र जिउनुनै प्रकृति त हो ।

**http://www.nepalipublisher.com**

**अब हाम्रो वेब साइटमा वैजयन्ती र दायित्वका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है ।**

# पहिचान

**गङ्गा खड्का**

'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी'
हरपल मेरो धड्कनले अलापिरहँदा
मेरा अन्तस्करणले नेपाल आमाको
सुन्दर तस्वीरलाई आँखामा सजाउन र मुटुमा कोर्न
श्रीगणेश गरेको अनुभूत गराउँदै मलाई
एक सपूत बन्ने प्रतिज्ञा गराउँछ

मेरो देशका प्राकृतिक सम्पदाले
मलाई आफूभित्रै हराउन निमन्त्रणा दिइरहँदा
सांस्कृतिक परिवेशले हृदयमा मीठो झङ्कार भरेर
मेरा ज्ञानेन्द्रियलाई स्पर्श गर्छ
तब मलाई देशको माटो मगमगाएको
मेरो धर्ती जगजगाएको आभास हुन्छ
अनि म मेरो दिलमा सजिएको
नेपाल आमाको मानचित्रलाई
अँगालो हालेर मीठा सपनाहरू बुन्नका लागि
देशप्रेमको तान लगाउन सुरु गर्छु

अनेकथरी भेषभूषा, भाषा र बाजाको तालमा
म मेरी आमाको मायाको आकृति देख्छु
ती मेरी आमाले आफ्नो विशाल वक्षस्थलमा
सबै छोराछोरीलाई खेलाएको परिकल्पना गर्दा
म खुसीले विभोर भएर आमालाई पुकार्न थाल्छु
आमा तिमी धन्य छ्यौ, तिमी महान् छ्यौ
तिमी मेरो पहिचान र सर्वस्व हौ ।

बूढानीलकण्ठ-१, काठमाडौं ।

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।



# निवृत्त संसार

**गोविन्दबहादुर कुँवर**

न कसैको सिकायत
न कसैको दुःखेसो
न भन्न परेको छ खैत मिलेको मेसो
दिन पनि आफ्नै
रात पनि आफ्नै
अर्धमूदित नयनले हेर्न सक्नुपर्छ
सारा संसार नै लाग्छ आफ्नो
न छ दौडधूपको पसिना
न छ कतै पुग्नुको तिर्सना
न दामको भोक छ, न नामको भोक
न केसैमा अतिरञ्जित हर्ष छ
न केसैमा अतिरिक्त शोक
टोपी खस्ने तारेभिरको उकाली
र कहाली लाग्ने छङ्गाछुरको ओराली
अनि पट्यार लाग्दा फच्चेकहरू
तथा अत्यार लाग्ने द्यौरालीको
लामो बाटो काटेर
निस्केजस्तो विशाल मैदानमा
खहरे गडगडाउँदै
खोला हुनहुनाउँदै
नदी सर्सराउँदै
मिसिएजस्तो महासागरमा
सशक्त सक्रिय खेलाडीबाट
भूमिका फेरिएर परिवर्तित भएजस्तो
शान्त शालीन दर्शकमा
यस्तै लाग्दै छ हिजोआज मलाई
मैले बाँच्दै गरेको निवृत्त संसारमा ।

# शरद्को बिहान

**डा. घनश्याम न्यौपाने 'परिश्रमी'**

सूर्योदयको रक्ताम शृङ्गारमा
मुसुक्क हाँसेका छन्
हिमालका उन्मादित ओठहरू
लेक र पाखापखेराहरू
न्यानो ताप्दै जुर्मुराएका छन्
बेसी, फाँट र मधेसका आँखाहरूमा
उमङ्ग उदाएको छ
जागरणका तरङ्गमा रमाएका छन्
घरहरू, गोठहरू शीतलताको
पत्ता हम्किँदै छिन् प्रकृति नानी ।

आहा ! फूलहरू भर्खरै नुहाएर
प्रेमी अगाडि उभिएकी नवयुवतीका
अधरजस्तै मुस्कुराएका छन्
उपवनमा खुसी हुँदै भँवराहरू
भुनभुनाउँदै छन्
फूलका गालाहरूमा
यतिखेर पुतलीहरूको हाउभाउ
नर्तकीको जस्तै छ
भँगेराका केही जोडी
खेल्दै छन् सफा आँगनमा ।

मेरो मन
प्रसन्नताको तालमा पौडी खेल्दै छ
लाग्दै छ
यही त हो रमणीयताको सफा मुहान
ऋतुहरूकी रानी
शरद्को बिहान ।

के तपाईंले हाम्रो चिकित्सा शब्दसागर हेर्नुभएको छ ?

# आमा रुनुहुन्छ

**चूडामणि नेपाल 'अकिञ्चन'**

टाढा भएँ र त आमा रुनुहुन्छ
मेरो कोमल मन छुनुहुन्छ
गर्भरूपी ढाकरमा सन्तानको भार बोकेर
आमा थाक्नुभएन
अझै नाति, नातिना, धन, सम्पति,
तीर्थ, व्रत, दान, धर्म यस्तै यस्तै
सपना होलान् सुखका
एकैछिनमा आमा हाँस्नुहुन्छ
एकैछिनमा रुनुहुन्छ
मेरो हृदय छुनुहुन्छ

प्रसव वेदनामा म रुँदा
बिसञ्चोमा दिल छुँदा
मेरै लागि आमा कति रुनु भो
कल्पन्छु अहिले बिछोडको पीडामा
आँखाको ओझेलमा चाडपर्व र खुसीमा
एकैछिनमा आमा हाँस्नुहुन्छ
एकैछिनमा मेरी आमा रुनुहुन्छ
मेरो हृदय छुनुहुन्छ

आमा ! खुसी बनेर आउन सकूँ
तिम्रो अमर गीत गाउन सकूँ
इच्छा पूरा गर्न सकूँ
आँसुले दर्द पुछ्न सकूँ
सेवा तिम्रो गर्न सकूँ
असल सन्तान बन्न सकूँ
चाहना मेरो पनि छ
आमा रोइदिँदा झन्झन्
जीवनको गहिराइ बुझ्दै जान्छु
तिम्रो कोख महान् ठान्छु
तर पनि किन आमा तपाईं रुनुहुन्छ ?
मेरो कोमल मन छुनुहुन्छ ।

# अभावमा मन

**जेबी खत्री**

साउनको झरी परेर
उघ्रिएको आकाश
यदाकदा बादलका चोक्टा
डाँडाका थुम्काथुम्कामा
अल्मलिएर अडिएको बेला
धमिलिएर खोला, नदीनाला
सुसाउँदै सुसाउँदै बग्छन्

आकाश छ्याङ्ग भए पनि
बारीमा सेताम्मे भएका
मकैका बोटहरू
हावामा हल्लिएर
पातहरू बज्दा पनि
मन बहकिँदो रहेछ

तलतल खोला किनारमा
तौली धान पाकेर
पहेँलपुर हुँदा
अनुहार चाउरी परेकी
बूढी हजुरआमा
घरको पेटीमा
खेस्टाको पिरामाथि बसेर
झपक्क नुहेका
धानका बालाहरूतिर
हेर्दै भन्छिन्–
हुनेको खोला खेतमा धान पाक्छ
नहुनेको मन पाक्छ ।



# सपनाहरू ...

**डोरबहादुर के.सी**

जिन्दगीमा मैले अनगिन्ती सपनाहरू देखें
कुनै चरम निद्रामा देखें
कुनै नरम तन्द्रामा देखें
ती सपनाहरू केवल सपना नै रहे मेरा
न भावीले मेरो कर्म कुण्डलीमा लेखे
न त जीवन वास्तविकताले नै टेके

सायद ती सपनाहरू नै जीवन भैदिएको भए
गगनको असिमितता टुट्थ्यो होला
धर्तीको सन्तुलन चुँड्थ्यो होला
धर्तीमा टुकुटुकु हिँड्ने मजस्तो मान्छे
सधैं आकाशमै उड्थ्यो होला

मेरो एक औंसको यो खोपडीले
कहिले धर्ती नै उचाल्ने सपनाहरू देख्यो
कहिले ब्राह्माण्ड नै पूरा पछार्ने सपनाहरू देख्यो
मेरो सपनाको यो असिमित शक्तिलाई
न कुनै ठूलो पहाडले छेक्यो
न त कुनै ठूलो महासागरले नै रोक्यो

यी सपनाहरू त भगवान्को जालझेल पो रहेछन्
सृष्टि सञ्चालनको लागि उनकै तालमेल पो रहेछन्
न कहिले निद्रामा देख्नै छाडिने
न कहिले तन्द्रामा लेख्नै छाडिने
सपनाहरू त जीवन जिउने आधार रहेछन्
यी त सृष्टिको मीठो मिराकल पो रहेछन् ।

मदाने-२ गुल्मी, हाल काठमाडौं ।

**के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?**

## घाम

**तारा गाउँले**

ऊ सखारै आउँछ सुटुक्क
र पुछिदिन्छ
फूलको पत्रबाट रातको आँसु
थाहै नपाई
चिमोटेर बिउँझाउँछ
मेरो एउटा दिन
म चाहन्छु
सधैं सधैं उसैको न्याने अँगालो
र खोजिरहेको छु
एउटा अजम्मरी दिन
म दौड्दादौड्दै
ऊ चोरेर भागिसकेको हुन्छ
जिन्दगीको एउटा महत्त्वपूर्ण दिन
यसरी
ऐना भित्रको एउटा अनुहार
थाहै नपाई
चुपचाप चुपचाप
बदलिरहन्छ
र एक दिन अचानक
अस्ताउँछ एउटा घाम
फेरि कहिल्यै नउदाउने गरी ।

## द्वन्द्व

**तिलस्मी प्रभास**

गरौं कि नगरौं ?
भनौ कि नभनौं ?
यो गरौं कि त्यो गरौं ?
यसो गरौं कि उसो गरौं ?
सीमाभित्रको जिन्दगी
संस्कारभित्रको मन
अनुबन्धित आँखा
पुस्तकालयभित्रको दिमाग
द्वन्द्वात्मक शास्त्रार्थ
भौतिक लालच
आत्मरतिको लत
नामको भोक
यौवनको प्यास
संवृद्धिको मात
कागको पछि कुद्ने
विनाअर्थ जुद्ने
बुद्धिमा खिया लगाउने
विवेकको प्रयोग नगर्ने
कहलाउँछन् साधु
गेरु भेषमा मूर्खहरू
आँखा चिम्लेर पछि लाग्छन्
मूढहरू
कलियुगको ज्वलन्त उदाहरण
नाच्छ धार्मिक पटाङ्गिनीमा ।

बौद्ध ६, काठमाडौं ।

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**



# अहो ! हामी कति भाग्यमानी

**दिव्य गिरी**

बनाएर शहीद आफ्नै बन्धु-बान्धवहरूलाई
चढेर सत्ताको शिखरमा अट्टाहास गरिरहेको
धूर्तलाई हेर्दै हामी मुस्कुराइरहेछौं र हामी ताली पिटिरहेछौं
अहो ! हामी कति भाग्यमानी
साधुलाई लखेटेर आफै साधू बनेको
नक्कली साधुले दिउँसै रात पारेर
हाम्रो सपना र विपना लुटिरहँदा पनि
हामी उसैको गुणगान गाइरहेछौं
हामी उसैको मुखुण्डो हेरेर रमाइरहेछौं
अहो ! हामी कति भाग्यमानी
झुपडीलाई महल बनाउने सपना बोकेर
परदेशमा रगत र पसिना बगाइरहेको छोरो
अकस्मात् हृदयगति बन्द भएर रातो बाकसमा फर्किएको
दृश्य देखाइरहेको टेलिभिजनको समाचार हेर्न छोडेर
हिजडाहरूको सडक-नौटङ्की हेर्दै
तिनीहरूकै बकम्फुसे भाषण सुनेर मख्ख परिरहेछौं
पटक पटक ल्याप्चे हालेर उही फटाहालाई सत्ताको धुरी चढाइरहेछौं
अहो ! हामी कति भाग्यमानी
साँच्चै भनूँ भने
बुख्याँचा बनाएर बारीमा राख्न नसुहाउने नालायकलाई
आफ्नै काँधमा राखेर हामी निरन्तर हिँडिरहेछौं
बदलामा उसैले हाम्रो चाहनामाथि धावा बोल्दा पनि
बारबार उसैलाई विश्वास गरिरहेछौं
बलात्कार र हत्यामा रुमल्लिँदा पनि
शान्तिको गीत गाइरहेछौं
अहो ! हामी कति भाग्यमानी
अन्याय, अत्याचार, व्यभिचार र भ्रष्टाचारको चारखालभित्र
गुम्सिएर पनि हामी अबोध बालकझैं मुस्कुराइरहेछौं
न्याय नै नपाएर न्याय आफै मूर्छित भएको इजलासमा
अन्यायमा परेको उजुरी लिएर
कालोकोटभित्र अझ कालो मन भएकाहरूको अघिल्तिर
हामी निरीह बनेर उभिइरहेछौं

युगौंदेखि न्याय र शान्तिको निम्ति
मुर्कट्टाहरूका अघिल्तिर हात जोडिरहेछौं
अन्धकार गुफाजस्तो परिवेशमा बाँचिरहेछौं
धन्य हामी निकै भाग्यमानी
अहो ! हामी कति भाग्यमानी ।

टिकाथली, ललितपुर ।

## साहित्य संवर्द्धन केन्द्र, नेपाल

१. **'साहित्य संवर्द्धन द्रष्टा सम्मान'बाट सम्मानित**
२०७० प्रा.डा.केशवप्रसाद उपाध्याय ।
२०७१ प्रा.शिवगोपाल रिसाल
२०७२ प्रा.मोहनराज शर्मा
२०७३ प्रा.ठाकुर पराजुली
२०७४ प्रा.दयाराम श्रेष्ठ
२०७५ दधिराज सुवेदी
२०७७ कृष्णहरि बराल

२. **'हरिहर शास्त्री सावित्रीदेवी साहित्य पुरस्कार'-२०४५**
२०७० प्रा. डा. वासुदेव त्रिपाठी
२०७१ प्रा. कृष्ण गौतम
२०७२ कुन्ता शर्मा
२०७३ पुण्य खरेल
२०७४ तारानाथ शर्मा
२०७५ भाउपन्थी
२०७७ नरेन्द्रराज शर्मा

३. **'विश्वज्योति सेवा सम्मान'बाट सम्मानित**
२०७१ श्री सत्य साईं केन्द्र, पूर्व काठमाडौं
२०७२ श्री सत्य उद्यान, ललितपुर
२०७३ शान्तदास मानन्धर
२०७४ जगत्गुरु आदर्श संस्कृत गुरुकुलम्
२०७५ नेपाल एकीकृत दृष्टिविहीन संघ, लोलाङ
२०७७ रोचक घिमिरे

४. **'शारदादेवी सिर्जना पुरस्कार'बाट सम्मानित**
२०७२ गीताकेशरी
२०७३ भागिरथी श्रेष्ठ
२०७४ भुवन ढुङ्गाना
२०७५ माया ठकुरी
२०७७ रमा शर्मा

५. **'राधिका-पदम-दुर्गा काव्य कविता पुरस्कार'बाट सम्मानित**
२०७२ डा. टीकाराम अधिकारी
२०७३ प्रा.डा.वेणीमाधव ढकाल
२०७४ रमेश खकुरेल
२०७५ डा.विष्णुराज आत्रेय
२०७७ नारायणप्रसाद उपाध्याय



# श्रमिक आमाको दिनचर्या

**दीप प्रधान**

बिहानै उठेर चूल्हामा धूवाँसँग पौठाजोरी खेल्छिन् आमा
दाउराको गन्धसगैं एक घुट्को नूनको चिया स्वाट्ट पारेर
दिउँसोलाई अभिवादन गर्छिन्
एक गाँस निस्तो भात राम्ररी निल्न नपाई
टोक्री बोकेर आफ्नो विवशतालाई
आफ्नो लाचारीलाई/आफ्नो बाध्यतालाई
गम्बुटको गच्याप-गच्यापले चुनौती दिँदै पत्ती टिप्न जान्छिन्
टोकरीभरि आमाले विपना उनेकी हुन्छिन्
टोकरीभरि आमाले सपना बुनेकी हुन्छिन्
टोकरीभरि आमाले पसिना लुकाएकी हुन्छिन्
टोकरीभरि आमाले रगत लुकाएकी हुन्छिन्
यही विपना, सपना, पसिना र रगतले सिञ्चिएको टोकरीभरि
आमाको नाम्लोले थिचिएको अधकल्चो भाग्य भरिएको हुन्छ
दिनभरि आमा कहिले घामसँग, कहिले पानीसँग
कहिले हुरीसँग, कहिले बतासँग र
कहिले कठ्याङ्ग्रिने ठिहीसँग सम्झौता गर्दै-गर्दै
चियाको बोटहरूसँग मितेरी लगाउँछिन्
अनि बेलुकी आमा मालिकको आँगनमा
आफ्नो उत्साह, आफ्नो जोश र जाँगरका साथ
रगत र पसिना, रहर र उमेरहरू प्रेमपूर्वक घोप्टाइराख्छिन्
आफ्नो सुनौलो भाग्यसमेत
मालिकको बुइँगलमा बन्दकीजस्तै छोडिराख्छिन्
आमाको पसिनाले मालिकको महल झलमल्ल हुन्छ
आमाको रगतले मालिकको भाग्य चहचह हुन्छ
आफ्नो दूधमुखे बालकलाई दूधकटुवा बनाई
मालिकको सदस्य र आफन्तहरूमा अमृत वर्षा गर्छिन्
अनि मालिकको शिशुमा आफ्नै मुटुको स्पन्दन सुन्छिन्
त्यही मीठो स्पन्दन सुनेर/त्यही मधुर मुस्कान च्यापेर
आधारातमा आमा मस्त निदाउँछिन् भोलिको भालेको डाक पर्खेर
भोलि फेरि त्यही धूवाँ नूनको चिया र निस्तो भात
टोकरी, विवशता, लाचारी अनि बाध्यता
यस्तै छ श्रमिक आमाको दिनचर्या ।

मिरिक, दार्जीलिङ ।

## आदर्शको ढोंग रचिरहेको मान्छे

**दुर्गाकिरण तिवारी**

खिचेर मनभित्र कसैको
जम्मै चरित्र भिडियोमा उतार्ने दिन कहिले आउला र खै ?
नत्र कतै सुमधुर अनि मनोहर शब्दको मादकतामा
त कतै नयन लोभ्याउने सौम्य परिधानमा
अनि कतै उच्च व्यक्तित्व झल्काउने
अनौठो लचकदार पदचापमा
भ्रष्ट मनका कुत्सित वासनालाई
शिष्टाचारको आकर्षक खोल ओढाएर
निर्बाध घुमिरहनेछन् अनेकौं आपराधिक चारित्रिकहरू
र बलात्कृत भइरहनेछन् दूधमुखे बालिका
अनि वास्तविक सदाचारी र भलाद्मीहरू
हामीहरू अचेल अरूका गुणमा
अरूका अन्डा मिल्काएर आफ्नो अन्डा राखिदिने
अनि अरूबाटै सन्तान हुर्काएर वंश बढाउने
कालो कोइलीको क्रूरता खै किन हो बुझ्नेसम्म गर्दैनौं
अझै शत्रुता त कागले कोरलिदिएको
र उसैले चारो दिएर बचाएको
प्वाँख नलागेको कोइलीको चल्लाको समेत क्रूरता
किनकि उल्टै कागका चल्ला गुँडबाट मिल्काइदिन्छ ऊ
तर बजारमा कोइलीको प्रशंसा गरेर थाक्दैनन् मान्छे
ढोंग रचिरहेको हुन्छ कुनै मान्छे
कमलजस्तै वदन हँसिलो पारेर
श्रीखण्ड चन्दनको शीतलता बोलीमा मिसाएर
हृदयमा कैंची लुकाउने भलाद्मीमा
रावण लुकेको पत्तो पाइँदैन कसै
मान्छेहरू मरुभूमिमा पानी नमिले जस्तै
अन्तमा आदर्श बोल र खोलको चरित्र नपाएर
दुःखी हुन्छन् आफू र पछुताउछन्
म भने अझै टोलाइरहन्छु बीच सडकमा
नजिकै आएर गाडीले हर्न बजाइदिन्छ
मृत्युले झस्काए झैं बडो आदर्शवादी ढोंगीहरू देखेर ।

पोखरा-३२, कास्की, हाल काठमाडौं ।



## जीवन पहाडको

**देवराज कार्की 'मिलन'**

पहाडको उचाइमा रोपेका पितृका नाममा
माने भञ्ज्याङ एउटा ढुङ्गो ठड्याएर सधैं
बटुवा आउछन् पाती लिएर दैनिक भेट्न
आस्थाको पर्खाइमा कुरेर बस्छन् वरपीपल
पानी पर्दा भेडी गोठालो घुम्माडी ओडेर
नागिमा शिकारी कुकुर अघि पछि लगाएर
चितुवाको आक्रमण रोक्न भेडाको बथान
निहालिरहन्छ जङ्गलतिर फर्काएर अनुहार
चौरी गोठाला शेर्पा दाइ बख्खु लगाएर
चिसोको प्रवाह गर्दैनन् हिउँसँग पौठेजोरी
कति रमाइलो मान्छन् हिउँ पिउरी झैं झर्दा
न्यानो अनुभव हुन्छ हिउँ पग्लिनु अघि मौसम
मन हो मानिसको कसैलाई त्यही स्वर्ग छ
भकारी र चित्राको आफ्नो गोठ महलभन्दा
कयौं गुणा आनन्ददायी हुन्छ उनीहरूलाई
ढिँडो रोटो चौरासी व्यन्जनभन्दा मीठो लाग्छ
झरनाको पानीभन्दा स्वच्छ हुन्छन् उनीहरू
न षड्यन्त्र गरेर बाच्नुपर्ने तनावग्रस्त जिन्दगी
न लुट्न कमाउन प्रतिस्पर्धा गर्नुपर्ने आफ्नैसँग
नागिमा खेल्यो चौरीमा रमायो अनि मुस्कुरायो
आहा ! स्वर्गभन्दा रमाइलो छ पहाडी जीवन ।

**तपाईंले हाम्रो**
**साहित्य तथा शैक्षिक अन्तर्वार्ता, कथा, कविता, गीत र विश्लेषण आदिको लागि**
**फेसबुक तथा युटुबमा**
**Khabari Nepal**
हेर्नुभएको छ त ?

# हामी नेपाली

**ध्रुवकुमार थापा**

उज्यालो आशाको लाखौं किरणहरूले
धरती चिर्न नपाँउदैको पलमा
अनगिन्ती अभावका शीतहरूले
निथ्रुक्क भिजाउँछ निमुखाको शीरहरू
चिसो सिरेठोमा लगलग कामेका मुटुहरूबाट
पीडाको सुस्केराहरूले आकाश चुमिरहन्छन्
सुनौलो भविष्य देखाउने विचारहरूले नै
सधैं भोग विलासितामा रमाइरहँदा
शोक लिएर सडकमा भौंतारिरहनेलाई
थाप्लो किचिने गरी भारी माथि पीडा खेप्नेलाई
भरिया किसान तथा मजदुर अनि बेरोजगार वर्गलाई
भ्रम देखाउँदै भ्रष्टचार गरेर देश लुट्ने नालाएकहरू हो
अनि समानताको नारा खोकेर, रगत चुस्नेहरू हो
गरिबीको चरम यातना सहन नसकेर
उपचारको सानोतिनो भार पनि थाम्न नसकी
आत्महत्या गर्न विवश नेपाली जमातमा
फेरि कुन मुख लिएर, आदर्श बोकेर
गाँउ शहरका बस्तीहरूमा पुग्ने हो ?
मौनताको सगरमाथामा हुरी चलिरहँदा
धुवाँ, धुलो अनि विषाक्त मिसिएको विचारमा
पथभ्रष्ट पाइला चलाएर कति समय हिँड्न सक्छौ ?
चन्द्रमा रोएझैं औंसीका रातहरूमा
सिरानी भिजेकै हुन्छ रित्तिएर आँसुका बूँदहरू
तथापि हामी सत्यवादी आदर्श र गौरवशाली
आफ्नो आमाको आँसु पुछ्न सक्षम छौं
स्वर्गभन्दा प्यारो धरतीको रक्षा गर्न जानेका छौं
अनवरत रूपमा अन्तराल कालखण्डसम्म पनि
नेपालीपनमा विश्वास गर्न सक्ने दुःखी नेपाली
मन रोए पनि, ओठमा मुस्कान छर्न सक्ने हामी नेपाली ।

जल्केनी, सिन्धुपाल्चोक ।



# चिरनिद्रामा

**ध्रुव मधिकर्मी**

मान्छेहरू सुतिरहेछन्
शायद सुतिरहेछन् मज्जासँग
सुतिरहेछन् आँखा भएकाहरू
अरूको थाङ्गनामा
तर केही अन्धाहरू भने जागा छन्
र दृश्यको आनन्द उठाइरहेछन्
आफन्तहरूको काँध चढेर उठेकाहरू
पछ्याइरहेछन् पराइका पाइला र इशाराहरू
बाटो भुलेका तरुणहरू दौडिरहेका छन् अन्धाधुन्ध
केही वृद्धहरू भने अझै पनि कोरली गाई ओगटेर बसिरहेका छन् ।

मान्छेहरू निदाइरहेछन्
शायद निदाइरहेछन् मस्तसँग
खेल्दै छन् केही केटाकेटीहरू बीच बाटोमा
ढुङ्गामूढाको खेल, टायर र धूलोधूवाँको खेल
खेल्दै छन् फूलपातहरू चुँडाल्दै
लडाउँदै छन् छिर्की हालेर एकले अर्कोलाई
र गर्दैछन् एकापसमा हिलो छ्यापाछ्याप
केही नागरिकहरू मनोरञ्जन लिँदै छन्
बजाउँदै ताली र आगोमा घिउ थप्दै

कोही छैनन् त्यहाँ नखेल भनेर सम्झाउनेहरू
कोही छैनन् तिनका हातमा किताब र कलम थमाइदिनेहरू
सट्टामा बरु ताली बजाएर हौस्याउनेहरू छन्
अरूलाई लडाएर हिंस्रक मज्जा लिनेहरू छन्
जति छन् बाटोमा हिँड्नेहरू तर्केर छेउ लाग्नेहरू मात्र छन्
कि ताली बजाउनेहरू मात्र छन् ।

मान्छेहरू भने सुतिरहेछन्
शायद सुतिरहेछन् चिरनिद्रामा
अथवा शायद निदाइरहेछन्
घोडा बेचेर ।

# बिहानी

**नारायण खनाल**

सोचिरहेको थिएँ उदाउनेछ बिहानी
च्यातेर निष्पट्ट अँध्यारोको पर्दा
चेतनशील युवाहरूको कर्मले
तर्दै गर्दा तुइन महाकालीमा बगाइदियो
बाटापारिको हाम्रै सत्ताको मालिकले
उर्वर युवाको धड्कन
कल्पिरहेको थिएँ
झुल्किनेछ बिहानी
परिश्रमी पाखुराबाट
स्वयम्भूका तेजिला आँखाले
असतलाई जलाएपछि
बुख्याँचाको परमादेशले
लहलह पसिना झुलेको पखेरोमै
झोसिदियो स्वार्थको डढेलो
मुक्तिको निमित्त जनमतको गर्भमा
स्वाभिमान जन्मेको खबर सुनेपछि
साँचिरहेको थिएँ सपना
समृद्धिको सुवासले प्रमोदित पार्न
उमङ्गका मुना निमोठेर
राष्ट्रियतालाई कुल्चँदै थुक्दै
कुर्सीको भीख माग्न
देश बेच्ने हाटबजार लागिरह्यो
मेरै देशको संसदमा
तैपनि
निराशाको सन्दुकभित्र
थुनिन बाध्य मुटु धड्किरहेको छ
निशाचरको अन्त्य अनि
समृद्ध न्यायपूर्ण, उज्ज्वल, विजयी
सुन्दर नयाँ बिहानीको आशामा !

अर्घाखाँची।

# जन्म सिद्ध गर..

**निर्मलरमण पराजुली**

मानिसको त्यो हृदयलाई
के हृदय भन्नु
जुन अरूको पीडा वेदनामा पग्लँदैन
तिमी ईश्वरकै रूप हौ
आफ्नो जन्मसिद्द गर
तिम्रो सदभावले
नैतिकता गिर्दैन
हात दुःखीको सेवामा
कर्मशील बनाऊ
हृदयमा मिल्ने खुसी
विधाताले खोस्दैन
मानिसको त्यो जन्म अर्थहीन छ
जसले आफ्नो पाखुरा
लोक कल्याणमा सिँच्दैन
असहाय दीनदुःखी
ममताको खोजीमा छन्
हात दिँदैमा
तिम्रो भाग्यरेखा मेटिँदैन
मानवता बिर्सिए मानव भइन्न
दुःखीको हृदयमा बास गर्दैमा
मानवता मर्दैन
अगाडि बढ सत्कार्यमा
जन्म सार्थक गर्नु छ
दुःखी हाँस्दैमा
तिम्रो खुसी लुटिँदैन
तिम्रो सत्कर्म
स्वर्ण अक्षरले लेखिने छ
जुन हजारौं जन्म
तिम्रो नाउ मेटिने छैन !

सामाखुशी, काठमाडौं ।



# ऊ

**डा. नारायण निरौला**

अचेल सोच्दै छ यहाँ ऊभन्दा जान्ने कोही नै छैन
अलिकति अहं भावनाको विकास गरेछ बुद्धिले
गर्व दम्भ र अभिमानहरू प्रगतिका बाधक हुन्
कसले सिकाउने उसलाई यी कुराहरू
अनुभवीहरूसँग कुनै परामर्श गर्दैन
ठूलालाई मान्दैन, सानालाई पत्याउँदैन
मान्य व्यक्तिको निन्दा गर्छ नित्य
अँ ऊ ठूलो बन्न खोज्दै छ बनोस्
गुण्डा तस्कर र माफियाहरूको हर्ताकर्ता बनोस्
छ उसको वाणीमा ओजस्विता र बुद्धिमा चतुरता
तर जब ऊ कुतर्कको सहारा लिन्छ
मेरो मन कटक्क खान्छ त्यस बेला
  भद्र होस्, शालीन होस् सबै चाहन्छन् ऊ तार्किक पनि होस्
  न्यायप्रिय होस्, न्यायकै कुरा गरोस् र देओस्
  हर घटनामा सत्यको नजिक पुगोस्
  बोल्न जान्दैमा धेरै बोल्न हुँदैन हेक्का राखोस्
  दीर्घकालिक परिणाम सोचेर बोलोस्, तौलेर बोलोस्, थोरै बोलोस्
  अकबरे खोर्सानी चाखिरहनै पर्दैन
उसैको हितको कुरा गर्छु मान्दैन
ध्यान देऊ, तिम्रा कुरा अप्रिय लाग्न सक्छन् कैयौंलाई
बारम्बार भन्छु पटक्कै सुन्दैन
अचेल ऊ ससाना कुरामा पनि झर्को र फर्को गर्छ
हिजोआज अभिमान खाएर मोटाएको छ ऊ
  राम्रा कुरा नसुन्ने बानी परेको छ उसलाई
  शङ्काको सेवनले शिथिल हुँदै गएको छ उसको बुद्धि
  विश्वास नगर्नेलाई गर्छ जो नजिक छ
  जान्दैन जो जुन कामका लागि योग्य छ त्यसलाई त्यसैमा लगाउन
  मानको भोको छ साथै विनयशील पनि छैन
  त्यसैले घट्दै गएको देख्दै छु ऊप्रतिका विश्वासहरू
  म सम्झाउँछु, ऊ सुन्दैन र बुझ्दैन मेरा कुरा
  तर पनि म सम्झाइरहन्छु, सुनाइरहन्छु ।

# अपरिचित मन

**नेत्रबहादुर श्रेष्ठ**

आमाको गर्भमा
नौ महिना खेलेर
जब शिशु जन्मन्छ
तब ऊ अपरिचित हुन्छ

समाज र परिवेशमा
जब ऊ घुलमिल हुन्छ
तब बनाउँछ उसले
आफ्नो परिचय

अपरिचितहरू क्रमशः
परिचित बन्छन् जब
आफ्नो धर्ती र आकाशलाई
बिर्सिएर जब कोही बाटो बिराउँछ
दुःख र कष्ट पाउँछन्
ती निर्दोष मनहरूले

सुखद भविष्यको कल्पनामा
बाँच्ने ती आशाहरू
चकनाचुर हुन्छन् सिसाझैं
स्वतन्त्रता, अधिकार र मानवता
नर्कमा विलिन भएजस्तै

गाँस, बास र कपासको खोजीमा
भौंतारिन्छन् लाखौं आत्माहरू
जब धर्तीले आकाशलाई छुन नसकेर
भ्रम परेको क्षितिजमा
भौंतारिएको आँखाझैं
वर्तमान र भविष्य आज
अपरिचित छन् सब
अपरिचित छन् क्षण
अपरिचित छन् मन ।

सिन्धुपाल्चोक-१३, हाल : काठमाडौं ।

# गिद्ध दृष्टि

**प्रमोदप्रसाद नेपाल**

आकाशमा उडिरहेको गिद्ध
अकस्मात् एकदम वेगले
तल पृथ्वीतिर ओर्लेको देख्छु
मनमा एउटा प्रश्न उठ्छ
गिद्धको आहार त सिनो पो हो
के सिनो कसैले यतै वरिपरि
फ्याँकेको छ त ?

चारैतिर जब आँखा घुमाउँछु
नजिकै चौरमा आनन्दले
एउटा गाई सुतिरहेकी रहिछिन्
घास चरिसकेपछिको
मीठो निद्रामा मस्त शायद
यसरी सुतिरहेकी गाईलाई
गिद्धले शायद
सिनो भन्ठान्ने भूल गरेछ
गाई पुच्छर हल्लाउँदै
टाउको घुमाउँदै
जुरुक्क उठेको देख्छु
शायद
गिद्धको आभास पाएर होला
अनि गाई सुस्तरी सुस्तरी
त्यहाँबाट कतै लाग्दछिन्

गिद्धको काम सिनो खाने हो
फेरि कुनै सिनोको खोजीमा
गिद्ध उड्दै जान्छ आकाशमाथि
माथि माथि निकै माथि
गाईलाई सिनो भन्ठान्ने गरेको
भुलको पश्चात्ताप गर्दै शायद ।



# बाँस

**पदम दाहाल**

छेडेर धर्ती आकाश खोज्दै उचालिन्छ बाँस
र बिर्सिंदै जान्छ उसले आफूसितको लाज शरम
नङ्ग्याउँदै गर्छ आफूलाई वस्त्रहीन आफ्नै वंशज अघिल्तिर
लाग्छपछि पर्दै छ ऊ अपरिपक्क उन्माद र अभिमानले
जति जति हुर्किन्छ बाँस
हरेक उचाइमा आँखा उघार्दै गर्छ ऊ
आँखा तर्दै गर्छ ऊ तर बुझ्दैन किन ?
लाज खुस्केको आफ्नै शरीरको
धोती खुस्केको आफ्नै कम्मरपेटीको
जति अग्लिंदै जान्छ उति उति
थुप्रिन्छ लाजको बग्रेल्ती छरपस्ट जमिनभरि
बिर्सिंदै जान्छ आमाको काख/ठडिंदै जान्छ ऊ बन्दै मर्यादाहीन
नाङ्गिदै अग्लिन्छ बेपरवाहसित वयस्कतामा
सायद बिर्सिन्छ उसले वरिपरिका आमा-मामाहरूलाई
जूनघाम छुने दाउमा बैंस साटेर अग्लिन्छ ऊ
भरिन्छ उसमा पहाड उछिन्ने अहङ्कार
टुक्रिएर, फुक्लिएर, भाँच्चिएर, छिप्पिएर कुनै वेला
बन्छ राँको हराउँछ आफ्नो आकार
लाग्छ नबिर्सिओस् उसले आफ्नै परिवेश र परिवार
नऔताओस् फर्माउन लाज सरम
नजन्माओस् उपल्लो उन्माद र मदोन्मत्तपन
औताउँदा बालहठ झैं दुरुस्त लाग्छ बाँस
उग्र आकाङ्क्षामा हड्बडाएर उचालिन्छ बाँस
अग्लेर आकाश भेट्न नभ्याएपछि
पराजित आजित मानसिकतामा निरास बन्छ बाँस
घोप्टिएर नुहुन्छ ऊ र उसमा सुरु हुन्छ बर्बराहट
चौथाइ जीवन कुप्रिएको हुन्छ आभास
आँधीबेरीको चक्रव्यूहमा खेलेर सुसेल्ला कहिले
हरेक शिशिर-वसन्त पर्खेर हल्लिरहन्छ
सायद साहस बटुलेर हुर्केको बाँस
आखिर घोसेमुन्टो लगाएर निहुरिरहन्छ ।

सङ्खुवासभा, हालः लोकन्थली, भक्तपुर ।

# नारी समुद्र पुरुष लहर

**प्रीति आत्रेय ज्ञवाली**

लहरसरी छालहरू
समुद्रमा लहराउँदै छन्
जसरी रूखका लहराहरू
हावाले लहराउँछन्
मैले भनेको सुनेको हो
सागरझैं स्वास्नीमान्छे
कतै फेरि लहरझैं लोग्नेमान्छे
अनि नियाल्छु समुद्रमा र हेरी टोपल्छु
प्रकृतिको यो अनवरत चालमा
समुद्रको यो अविरल छालमा
के कुराले प्रकृति पुरुषसरह
नारी र पुरुषलाई
सागर र लहरसँग तुलना गरियो ?
के नारी साँच्चीकै समुद्रजस्तै
पुरुष दुरुस्तै समुद्री लहरझैं छन् त ?
समुद्रपारीको त्यो क्षितिजमा
धर्ती र आकाश एकाकार भएजस्तै
समुद्रमा लहरहरू
एकाकार भई बगिरहेका छन्
आफ्नै छालमा र आफ्नै तालमा
यहाँ न समुद्रले आफ्नो गहिराइ दर्शाउँछ
न त छालले आफ्नो वेग नै प्रस्ट्याउँछ
समुद्रले आफ्नो गहिराइ
आफूमै समाहित गरेको छ
लहरले आफ्नो वेग
समयानुसार परिवर्तन गर्दै जान्छ
जस्तोसुकै अवस्थामा पनि
समुद्र त एकनास नै हुन्छ
बदलिने त लहर हो
शायद यही कुरा भन्न खोजिएको हो ।

# विभाजनको रेखा

**बाबुराम न्यौपाने 'उत्स'**

सपनाको इन्द्रेणी बगैंचामा
जबसम्म आशाका फूलहरू फुल्छन्
गरीबका निसार आँखामा पनि
वैभवशाली जीवन्त जीवन उदाउँछ

विध्वंसात्मक क्रूर युद्धका
रोमाञ्चक कथा पढेर
कोही मानिस आँसु झार्छ
कोही ओठमा मुस्कान भर्छ
आखिर युद्ध मार्ने र मर्नेको संयोग थियो

युद्ध, शान्ति
दास, मालिक
पाप, पुण्य
विचित्रको बेढङ्गी विडम्बना घिसारेर
हुर्कन्छ मानव सभ्यता

बर्लिनको होस् या चीनको ग्रेटवाल
पर्खाल त पर्खाल नै हो
विभाजनको रेखामाथि उभिएर
रक्ताम्य हातले
सेतापरेवा उडाउनुको के अर्थ ?

सुनको थाल होस्
या टपरीको बेहाल
भोक र भोजनको युद्ध छिचोलेर
कोलाहलमय मानवसागर
अनिश्चित अनन्त सुदूरयात्रामा छ ।

दमक, झापा ।



# पर्दा खुल्छ

**बद्रीप्रसाद ढकाल**

जिन्दगीको गोरेटोमा हिँड्दै हिँड्दै
विशाल नदीको बगरैबगर
निर्जन अनि सुनसान बाटोमा
कैयन भीर पहराहरू छिचोल्दै
सङ्घर्षको जङ्घार तरेर बल्ल आइपुगेको छु
एक उर्वर विशाल मरुभूमिमा
थाहा छैन यहाँ जीवनको पर्दा खुल्छ या खुल्दैन

यो अन्जान भूमिमा फुल्छन् कि झर्छन् फूल पनि
थाहा छैन अझै कति लामो छ यात्रा जिन्दगीको
कहाँ गएर बदलिन्छ बाटो निर्जन एकान्त छ परिवेश
सक्छु जुझ्न सकिन्छ या सकिन्न उभिन यतै
या फर्कनुपर्छ यही बाटो
अहँ ! जानेर नसकिने
जीवनको अवरिल पदचापको ध्वनि सुनिन्छ या बुझिन्छ
लाग्दैछ पर्दा खुल्छ उघ्रन्छ अब

बुझेर कहिल्यै नसकिने
अनगिन्ती जीवनका रङहरू अमूर्त बिम्व बोकेर
भोगेर नसकिने कैयौं भोगहरू छन्
नदेखिएका हजार सपना अर्धमृत छ, छरपष्ट छ
असरल्ल छरिएका दिवास्वप्न
रोग र शोकले जीर्ण आकाङ्क्षाहरू साथ
कति अनिंदो रात सम्झेर शोकमग्न छ मन र मस्तिष्क
सायद, भोक र भोगको बीचमा च्यापिएर
गुज्रन्छ बेतुकको समय
अनास्थाको अन्त्यको निकटतामा
काँचो बोकेर भौतारिन्छ यहाँ शोकमग्न यात्री
कोही जान्दैनन् जीवनकै अवशेष थाहा छैन त्यतिबेला
भ्रम र यथार्थको साँच्चै रङहीन
धमिलो पर्दा खस्छ या उघ्रन्छ जिन्दगीको ।

चन्द्रागिरि-२, काठमाडौं ।

# पढेको अनपढ ऊ

**बाबुराम श्रेष्ठ 'यात्री'**

उसले व्यक्ति पढ्यो
समाज, देश र विदेश पढ्यो
तर कहिल्यै आफूलाई पढेन
डुबिरह्यो हराइरह्यो
कतिको बोलीमा/कतिको बानीमा
मज्जा लिइरह्यो केवल अरूमा
तर आफू कहिल्यै हाँसेन

सायद अरूको खुसीमा खुसी हुनु
अरूको जितमा जित ठान्नु
अरूको तालमा ताल मिलाउनु
त्यस्तो महानता कहिल्यै आफूमा पाएन

हिमाल हेरेर मुस्कुराउनु
हरियाली देखेर स्वर्गको अनुभूत गर्नु
प्रकृतिको अनुपम उपहारसँग
जुनिजुनि पिरती गाँस्नु र
बाँच्नुको अर्थ थियो
तर कहिल्यै आफू बाँचेको सम्झेन

सीता, भृकुटी र पासाङ ल्हामु
घर, आँगन हिमालदेखि समुद्रपार-हुँदै
विजयका झण्डा हल्लाउनेहरूदेखि
ऊ हौसलाका दोसल्लाहरू ओढाइरहन्छ
महान् छोरीहरूको गौरवगाथा गाइरहन्छ
छोराछोरीमा भिन्नता नकेलाउने
उसको पृथक्ताले
जब थाहा पायो गर्भमा छोरी छे
उसले एबोर्सन गरायो
ऊ कहिल्यै छोरीको बाबु बन्न चाहेन
आफूलाई कहिल्यै पढेन ।

सिन्धुली ।

# खहरेसँग बगरको अनुनय

**बिके माकजू**

मैले त सर्वदा बग्ने
बग्दै सागर पुग्ने
नदी भन्ठानेर माया लाएको थिएँ
म गलत रहेछु
नदी र खहरे चिन्न नसक्ने
बर्खे भेल उर्लिएर आयौ
तिर्खाएको थिएँ
प्यास नमेट्दै
सुक्यौ
हरायौ
बिलायौ
म भने कुरेको कुरै भएछु
ए ! खहरे
तिम्रो गन्तव्य हराए जसरी
मेरो गन्तव्य हरायो त्यस्तै गरी
अब तिम्रो र मेरो मिलन हुन
सावन, भदौ कुर्नुपर्छ
लाग्छ कुरेर पनि भेट नहुन सक्छ
किनकि
तिमी बाटो मोडिरहन्छौ
तर यति याद राख
बगर हूँ, पर्खिबसेको छु
अब आउने बखत
मलाई भत्काऊ
तिमी जहाँसम्म पुग्छौ
मलाई बगाएर लैजाऊ
तिमी र म सँगै हराउँला ।

भक्तपुर ।



# बिरानो नदी हुँ म

**बिनोद खड्का**

कहाँ देख्नु र मैले अझै, आफ्नै रगतले सिञ्चित
खोइ कस्तो छ कुन्नि तिम्रो शहर
कहाँ भेट्नु र मैले अझै, खोइ कस्तो छ कुन्नि
मलाई कहिल्यै नचिन्ने तिम्रो सिंहदरबार
तिम्रा लागि केवल एउटा कामदार, रेमिटान्सको भरिया हुँ म
आफ्नै आन्द्रामा जिन्दगीको सारङ्गी रेट्दै
मुगलान झरिरहेको एउटा बिरानो नदी हुँ म
सिँगौरी खेल्दै गरिबीका चट्टानी किनाराहरूसँग
अविरल दौडिरहेको, एउटा बिरानो नदी हुँ म ।
भोक र भयको जाँतोले ओकलेको एउटा गडगडाहट हुँ म
सन्नाटाका पहाडहरू पोखिएको आफ्नै घरको मझेरी हुँ म
अन्याय र अत्याचारको ढिकीले कुटिएर
कनिका बन्दै गरेको, एउटा भाग्य हुँ म देशको
पैसाको बजारमा निर्वस्त्र बेचिएको एउटा निर्लज्ज रात हुँ म
आफै जन्मेको भूमिमा, आफ्नै पहिचानको आन्दोलन लडिरहेको
एउटा बिरानो नदी हुँ म ।
मताधिकारबाट वञ्चित गरिएको, एउटा सिङ्गो लोकतन्त्र हुँ म
योद्धा हुँ म एउटा, आफ्नै विरुद्ध अनेक युद्ध लडिरहेको
हो सुन्ने गरेको छु मैले
तिमीले ओकल्ने समृद्धिका नाराहरू
बस ! तिनै नाराहरूले भेट्न नसकेको
प्रतिविम्ब हुँ म अभाव र अनिकालको
एउटा बिरानो नदी हुँ म ।
सरकार, तिमीले नै बेचेको एकथान हरियो पासपोर्ट चढेर
तिमीले नै कोरिदिएको बाटो
मुगलानतिर बगिरहेको, एउटा बिरानो नदी हुँ म ।
भन कहिले कोरिदिन्छौ नक्सामा
मैले घर-देश फर्कने बाटो
भन कहिले फर्काइदिन्छौ मलाई
मेरी आमाले टेकेको मेरै मातृभूमिको माटो ।

डुवाकोट, भक्तपुर, हाल : दोहा, कतार ।

# ब्यूँझ तिमी !

**बिपी सेढाई**

गति ब्रह्माण्डको द्योतक हो
मति मानवताको ज्योत्स्ना हो
विवेक चेतनाको रोशनी हो
ज्ञान ब्रह्मतत्त्व हो
सिर्जना तथा रचना ब्रह्मस्व हो
अपितु यी सबै गुमाउँदै छौ तिमी किन ?
सदाचारीभन्दा दुराचारी
स्वाभिमानीभन्दा परालम्बी
मानवभन्दा अमानव
त्यागभन्दा अर्थमा लिप्त भयौ
तिमी सूर्यको गति समात्न नसकी
गन्तव्यमा थलिएका छौ
चिडियाले निकाल्ने उषकालीन कर्णप्रिय सुमधुर वाणीमा
ब्यूँझन नसक्ने तिमी
डिस्कोका कोलाहलमा जाग्दछौ
अस्मिता बचाउन नसक्ने नारीको बलात्कारमा रम्ने तिमी
उनीहरूका चित्कारमा ऋचा भेटाउँछौ र त
तिमी आज मति भ्रष्ट र गति भ्रष्ट भएका छौ
सिर्जनाको अर्थ र महत्त्व बुझ्दैनौ र त तिमी
खोरमा पालेको बँदेल झैं मोटाएका छौ
तिमीलाई धन मात्र थाहा छ ऋण के थाहा ?
मातृ ऋण कहिल्यै चुकाएका छौ ?
तिमी त फगत आफ्ना लागि मात्र बाँचेका छौ
अरूका लागि बाँच्न सकेनौ र त तिमी
शक्ति र सत्ताको मिठास र मातमा लिप्त छौ
अनि भ्रष्ट, नाङ्गा र उदाङ्गा भएका छौ
जनता, समाज र देशका लागि बाँच्नुपर्नेहरू
अफशोच ! आफ्ना लागि बाँच्न खोज्दै छन्
सृष्टि, मानव चोला र मुक्ति भुलेर
त्यसैले त सूर्यको गतिसँगै पूर्वीय उज्यालोमा जाग
आफ्नै माटोमा टेक्न ब्यूँझ ।

प्युठान ।



# तिम्रै सब ठीक

**भास्कर भण्डारी**

अरूभन्दा धेरै जान्ने म त
तर मत नदिएकै ठीक
सबैभन्दा भिन्न मत
छिन्न-भिन्न नभएकै ठीक
केही कुनै अनौठो छैन
दोस्रो मत हो हुन्न है ठीक
सबैभन्दा एक्लो मत
कसको हो ठीक कसको बेठीक ?

देखे पनि नदेखे झैं
आँखा चिम्ली बस्नु नै ठीक
टाँसिएरै बसे पनि
भेट्या छैन भनेकै ठीक
सासको तातो गर्माहटले
किन आफै पग्लानु छ
जमेर ठीक बसे पनि
फुटाउनेछौ पगाल्नेछौ ।

एक्लो मत सत्य नै होस्
सयौंको मत असत्य ठीक
सयौंले सत् मानेको नै
मैले त्यही मानेको ठीक
सत्यहरू अनेक रैछन्
मेरै ठीक हो अरू बेठीक
मैले बुझे सत् र असत्
तिम्रै ठीक हो मेरै बेठीक ।

समर्पण नगरी भएन अब
नगरी केही बाँच्नु छ र ?
तिम्रो ठीकलाई बेठीक भनी
अनि कहाँ हाँस्नु छ र ?
सबैले त्यही मानेपछि
मलाई बेठीक लागेर भो ?
त्यही ठीक हो, त्यही ठीक हो
तिम्रै ठीक हो मेरो बेठिक ।

जति भनूँ मान्ने छैनौ
तिमीलाई नै मानें ल भो !
सबैले त्यही मानेपछि
मैले त्यसलाई नमानेर भो ?
जति नजिक भए पनि
आफूले मानेको छोडेकै ठीक
केही बेठीक गरौं लाग्छ
तिमीलाई मैले मानेकै ठीक ।

जति दबाउ दब्ने नै छु
बाहिर-बाहिर तिमी नै ठीक
सबैले तिमीलाई मानेपछि
केही समय कुरेकै ठीक
मनमा जे नै माने पनि
जताततै तिमी नै ठीक
मेरो बेला मेरै सब ठीक
तिम्रो बेला तिम्रै सब ठीक ।

धुम्बाराही काठमाडौं ।

के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?

## हिँड्ने बेला

**मधुर भट्टराई**

हिँड्ने बेला
रोपिदिएको छु करेसामा
एउटा गुलाफको बोट
आए मेरो यादको झिल्का
हेर्नू त्यही गुलाफको फूल
र सम्झिनू मेरो मुस्कान
त्यही गुलाफको स्थायी रङ
तिम्रो उदास ओठ र गालामा सार्न
जान लागेको हुँ विदेश
फर्केर आएँ भने
गुलाफको पत्रजस्तै
तह तह पारेर थप्दै लैजाउँला
जीवनमा गुलाबी सुख
आइनँ भने कतै
टिप्नु त्यही फूल
उन्नु सम्झनाको धागोसँगै
अलिकति मुस्कान
र लगाइदिनू मेरो तस्वीरमा
त्यही मुस्कान जोडेर ओठमा
मुस्कुराइरहेको हुने छु शून्यबाट
र त्यही फूलको जीवन मागेर सापटी
फूलिरहेको हुनेछु अनन्तमा ।

बर्दिबास-१४, महोत्तरी ।

## साधनामा

**मञ्जु काँचुली**

फूलले हिर्काऊ या ढुङ्गा बर्साऊ
धारे हातले सराप या आशीर्वाद पठाऊ
अपमान गर या सम्मान देऊ
फरक नपर्ने भएछ
रोदन र हाँसोका
सिँढी उक्लँदै पार गरेर उज्यालो
चेतनाको कौसीमा पुगेछ
चिन्तनको झ्यालमा बसेर
रुने र हाँस्नेलाई धिक्कार्ने भएछ
कसरी यो सानो मुटुको कोठामा
आकृति नै बदलिएछ
जन्डिसले पहेँलिएको
यो मुटुको भित्तामा
आज रक्तकोष फैलिएको
असीमित झन्डा
मुस्कुराउँदै, मगमगाउँदै
भित्रभित्रै फहराइरहेछ
आफ्नै ढुकढुकीका सिँढीहरू उक्लँदै
जरा, फेद, हाँगा, पात र फल हुँदै
एउटा चेतनाबाट उक्लेर
अर्को चेतनामा माथि पुगेछ
उज्यालो, झन् उज्यालो
अझ उज्यालो हुन पुगेछ ।

काठमाडौं ।

**के तपाईंलाई थाहा छ ?**

**हामी २०७७ र २०७८ को वर्ष पुस्तकमा जुटिसकेका छौं । प्रत्येक वैशाखदेखि चैत्रसम्म निस्केका पुस्तकहरूको हामी टिप्पणीसहित परिचय प्रकाशन गर्दछौं । त्यसको लागि हामीलाई पुस्तक उपलब्ध गराउनुहोस् ।**

**साहित्य संवर्द्धन केन्द्र**

चाबेल, काठमाडौं ९७७-०१-४४९७३५१/९८४११४४५१०



## भो उसलाई मन्त्री नभनौं

**त्रिलोचन ढकाल**

अस्मिता लुटेको छैन कहिलै कसैको
जहाज छुटेको छैन निदाएर उसको
कसरी सुहाउने मन्त्रीपद ?

घुस खाएको भेउ पाइएन
जुस पिएको पनि कर्णगोचर भएन
कुश समातेको गन्ध आएन
झुस सिउरेको पनि होइन
त्यस्तो नामर्दलाई कसरी भन्नु मन्त्री ?

नमनीय शैलीमा झुकेन कहिल्यै
छिमेकीका सामु साष्टाङ्ग दण्डवत् गरेन
त्यस्तो पामरलाई किन भन्नु मन्त्री ?

न चपायो वन-उपवन सलहले जस्तो
न निल्नसक्यो झोलुङ्गे अजिङ्गरले जस्तो
न पियो पानीका सागर अगस्तिले जस्तो
न खाँज्यो घाँटीबाट
लोकमार्गहरू गरुडले सर्पजस्तो
अनि कसरी भनौं मन्त्री
मुख उदर नभएका अचेत मुढालाई ?

डाँफेका पखेटा काट्न सकेन
चाँदनी चमक चाट्न सकेन
जीवनका घडाहरू धुजा धुजा पार्न सकेन
मोटा अक्षरहरू खाँद्न सकेन पत्रिकामा
अनि कसरी भनौं मन्त्री ?

भो !
उसलाई मन्त्री भनेर सम्बोधन नगरौं
भूतपूर्व पनि, वर्तमान पनि र भावी पनि
किनभने
उसँग त्यस्तो कुनै हैसियत देखिएन ।

स्याङ्जा ।

## अस्तित्वहीन कोपिलाहरू

**मनिराम कडेल**

सानो लाग्छ आजभोलि
यी अमानवहरूको भिड देख्दा
यही संसार पनि साँघुरो लाग्छ
कयौं सपना कुल्चिएको छ भीडले
हिसाब किताब कहिल्यै भएन
कलियुगका दुःशासनहरूले
चीरहरण मात्रै गरेनन् नानीहरूको
युग युगसम्म नहट्ने
नमीठो दुर्गन्ध छाडी प्राणसमेत हरेर लगे
आमाको हातमा पर्छ केवल
रगत लत्पतिएको र च्यातिएको फ्रक
पुत्री वियोगको असह्य पीडा र वेदनाहरू

यो सरकार देख्दादेख्दै पनि
दृष्टिहीन धृतराष्ट्र बनिरहेछ
कयौं न्याय मूर्तिहरू
भीष्म र विदुरको नियति भोगिरहेछन्
यी नपुंसक शासकहरूले
कहिले पो बुझ्न सक्लान् ?
कलिला कुमारीहरूका इज्जत लुटिएको ?

कुमारीत्वलाई बन्द कोठाभित्र
डबल मूल्यमा किन्न सक्छु भन्ने
विकृति मानसिकताले गाँजिएका
यी मानसिक रोगीहरूले
कसरी पो न्याय दिलाउन सक्लान् ?
कसरी निसाफ दिलाउन सक्लान् ?
उखुबारीमा फ्याँकिएका निर्मलाहरूलाई
कसले उठाउँछ ?
आखिर कसले सजाउँछ मिचेर, कुल्चेर
मिल्काइएका अस्तित्वहिन कोपिलाहरू ?

बाग्लुङ ।

# अपरिचित

**ममता सिंह राठौर**

अपरिचित को हो ?
आऊ यसको कुरा गरौं
कोही अरूबाट होइन
खुदबाट आरम्भ गरौं।
आफ्नै शहर हो
आफ्नै मान्छेहरू हुन् सबै
सम्भना छैन
कहिलेदेखि भेटिएनौ हामी
आऊ फेरि प्रारम्भ गरौ भेटको
आफ्नो बुद्धि र बलले
आऊ प्रश्न गरौं
विदाको शुभ दिनको खोजी गरौं
आफू आफैसँग कुरा गरौं
जिन्दगीको मार्गको चर्चा गरौं
अपरिचित को हो ?
आवाज घन्काएर मौनता तोडिदिनेछु
अरूका लागि
स्वयंको बाटो मोडिदिनेछु
अपरिचित को हो ?
यस कुरालाई यही छोडिदिनेछु

जिन्दगीको खुसियालीको
रङ्गीन खेल हामी खेलौं
मृत्यु कहिले आउँछ के ठेगान ?
कहिले लिएर आउँछ के बहाना ?
अनु. विकुश गाजियाबाद, भारत।

# सुगन्ध

**महेशप्रसाद रिजाल**

जिन्दगीको गोरेटोमा हिँडिएछ
खुब यताउति
थिए बाटा उकालो ओराली
अनि भीरपाखा
तर कतै भेट्दैन किन मान्छेले ?
दुःख र सुख साट्ने मार्ग
त्यसैले बन्जर भए पनि
आफ्नो यही जिन्दगी नै प्यारो छ
आजकल

छाउँछ वेला वेला
अगम्यधामको भल्को
तर लोभ छैन त्यो स्वर्गको
जहाँ मुक्तिको पाठ पढाइन्छ
पलायनताको मार्ग देखाइन्छ
आहा ! कति मीठो यो धर्तीको सुगन्ध
आहा ! कति सुन्दर यो धर्तीको सुरम्य

बारबार मरौं र बारबार जन्मौं
निरन्तरता रहोस् समाज सेवाको
निरन्तरता रहोस् मानवसेवाको
निरन्तरता निरन्तर रहोस् मेरो
आफूले आफैलाई बुझेर
आफ्नै धर्तीप्रतिको सद्भाव
धर्तीको वातावरणप्रतिको सुचेतना
किनकि म मानव हुँ।

चाबेल, काठमाडौं।

**के तपाईंले हाम्रो चिकित्सा शब्दसागर हेर्नुभएको छ ?**



# फूल

**महादेव अधिकारी**

मैले फूललाई सोधेँ
फूल तिमी सधैं कसरी मुस्कुराइरहन सक्छौ ?
फूलले भन्यो- तिमीहरूको जवानीमा सौन्दर्य आउँछ
तर हामीहरूको सौन्दर्यमा जवानी आउँछ
तिमीहरू जो भन्दछौं जिन्दगी चार दिनको
त्यो भनाई तिमीहरूले हामी फूलको जिन्दगीलाई
आफ्नो जीवनमा विम्बित गरेर उपमा दिएका हौ
खासमा चार दिनको जिन्दगी हामी फूलहरूको छ
पत्थरलाई हेर ऊ कठोर छ त्यसैले उसको जीवनको अन्त छैन
युग युग बिते पनि पत्थर न फुल्न सक्छ न मुस्कुराउन सक्छ
पहाडका अग्ला चुचुराबाट खस्दै पैह्रो र बाढीले खियाउँदै
टुक्राटुक्रा भएर वालुवाको कण बनिरहन्छ
हामी फूलहरू कोमल छौं चार दिनमा कसैले चुँडेन भने
स्वयं वैलाएर भर्नैपर्छ
त्यसैले हामीले कुनै पीर चिन्ता लिँदैनौं
सधैं मुस्कुराएर दुनियाँलाई हाँस्न सिकाउछौं
तिमीहरू शत्रुलाई देखेर त्रसित हुन्छौ
तर हामी हामीलाई चुड्ने शत्रुको समेत मुस्कुराएर स्वागत गर्छौं
हाम्रो के नै छ र चुँडे पनि ?
कि भगवान्‌को गलामा सजिन्छौ
कि भगवान्‌का दासको गलामा चढ्छौं
कि भगवान्‌ले पारेका लासको छातीमा चढ्छौं
कि पथभ्रस्टहरूको गलामा सजिएर ताली हेर्छौं
कि बेहुला बेहुलीको गलामा भुन्डिएर साली हेर्छौ
कहिले सम्मानको मान बनिदिन्छौं
कहिले भ्रष्टाचारीको शान बनिदिन्छौं
जीवनको वैराग्य के हो हामीलाई थाहा छ
त्यसैले हामी सबैको हृदयमा वास गर्न जान्दछौं
सूर्यको तापमा होस् या चन्द्रमाको रातमा होस्
सदा रङ्गीन बनिदिन्छौं खुसी बनिदिन्छौं
र मुस्कुराइरहन्छौं सबैलाई आनन्द बाँडेर।

बूढानीलकण्ठ काठमाडौं।

# अवश्य फर्किन्छु आमा !

**डा. मेघराज ढकाल**

आमा !
पहाडका बारीका कान्लाहरूमा
फुल्ने मखमली तथा सयपत्री फूल वैलाएछ
अहिले चराहरूले गन्ध सुँध्नै मानेनन्
हिजोका चराहरूले भैंँ अहिले पनि गुँड सार्दै छन्
बाबु !
चराहरूको गुँडमा हिजो मझेरीसम्म घामका किरणहरू छिर्दथे
र बस्ती बस्तीमा चराहरू चारा लिएर आऊ जाऊ गर्दथे
तर आज कुन्नि किन हो चराहरू आउनै मान्दैनन्
त्यसैले त भोटेताल्चासहितको घरमा माकुराका जाल पो बढेछन्
त्यसैले विकसित देश तथा शहरबाट गाउँतिर
अलिकति भए पनि उज्यालो सापटी लिएर आउन पाइन्थ्यो कि ?
होइन आमा !
सापटीले त एकछिन रमाए पनि दास पो बन्छ
शमीको रूखको पीडा हेरौं त ?
हिजो पुस-माघको जाडोमा हाँगा छिमल्ने स्वार्थीहरू
चैत-वैशाखको धुपमा शीतलता ताप्न फर्के भैंँ
घर छोड्नेहरू भोटे ताल्चा खोल्न
अवश्य आउने छन् आमा ।
तर आजकल
फूलको थुँगामा मौरीहरूको बदला अजिङ्गर रमाएका छन्
कोदाको डालीमा सुगाभन्दा वनसाङ्ला र सलह उफ्रेका छन्
तिनलाई हटाउन साहित्यको चेतनाले निदानका उपायहरू
पत्ता लगाएर विकसित देशको अलिकति उज्यालो र सीप बोकेर
तिम्रो खोकिलाको माटोमा नौला नौला विरूवाहरू हुर्काउन
लोभ र पापको महासमरबाट अवश्य घरतर्फ फर्किनेछु र
दमखोकीले अठयाँएको तिम्रो छातीमा मलहमपट्टी लगाउन
उज्यालोमै फर्किन्छु, हरेश नखाऊ ! बरु आशीर्वाद देऊ
एकदिन अवश्य फर्किन्छु आमा !



# छाया

**म्यामराज राई**

संसारले देखेको क्षण
उज्यालोमा साथ दिने
हिँड्दा अघिपछि हिँड्छ
दौडिँदा पनि सँगै दौडिन्छ
बस्दा, सुत्दा, उफ्रिँदा
जे जे गऱ्यो त्यही गर्छ बेफिक्री
जिस्काए झैं लाग्ने गरी
कालो आकृतिमा
भौतिक आकारभन्दा
कहिले लम्बेतान भएर त कहिले छोटिएर
कहिले डल्लिएर त कहिले थेप्चिएर
जब अँध्यारो हुन्छ या पारिन्छ
वा बत्ती नभएको रात हुन्छ या पारिन्छ
तब असाध्यै डर लाग्छ
किनकि कतिबिघ्न बिज्याइँ गर्दै होला
बदमासी रूप देखाइरहेको होला
कि त हत्याको योजना बुन्दै होला
कि बलात्कारपछि हत्याको
कि त मूलधन पेवाधनमा नामसारी गर्दै होला
कि करोडौं पैसा कुम्ल्याउने दाउमा
कि त घर फोर्ने कसरतमा होला
कि हात पारेको सम्पत्तिमा झगडा गर्दै
बिल्कुल कसैले नदेख्नेगरी
त्यो निस्पट्ट अँध्यारोमा
त्यो छायाले
नत्र अँध्यारोमा साथ किन छोड्थ्यो ?

हतुवागढी-६,भोजपुर, हाल : जापान

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher. com/

# सत्ता र शहर

**यादव भट्टराई**

बत्तीको उज्यालोमा
राती अबेरसम्म जागा बस्छ
र बिहान घाम खसेको धेरै बेरपछि
हाइ काढ्दै बिस्तारै ब्युझिन्छ
यो शहर
उठेपछि फेरि
फुर्सद हुँदैन शहरसँग
कुदिरहन्छ निदाएका सडकभरि
र पुग्छ कता कता
औजार बोकेर
चोक र गल्लीमा
रोजगारी खोज्न
एकाबिहानै उभिने यो शहर
हिजोआज नचिन्ने भएको छ कसैलाई
चुपचाप चुपचाप
अचेल
के गर्छ खोइ यो शहर
निदाएका सडकहरूमा
बतासिन्छ एक्लै
आफ्नै धुनमा
न ट्राफिक बत्तीको पर्वाह
न लेनमा गुड्नुपर्ने बाध्यता
तोडेर निषेधाज्ञा
कहाँ हिंडेको होला
यो शहर
विना गन्तव्य
सत्ता जस्तै
आफ्नै सुरमा

बस्तीमा
बाध्य छन्
भोकको साटो
भोक खान मान्छेहरू
सडक सुतेका बेला
सत्तालाई जस्तै
हाइसन्च हुँदो हो शहरलाई
यतिबेला
जुलुस भएर उठ्ने छैनन्
सडक किनारमा ठडिएका
बिजुलीका खम्बाहरू
फ्याँकिने छैन
पानीको फोहोरा
र भोग्नुपर्ने छैन
भोका पेटहरुको प्रतिकार
नजरबन्दमा राखेर सबैलाई
आआफ्नै घरभित्र
के गर्दै छ यो शहर
ए रोक रोक
एक्लै यो शहर
दौडिंदै छ भीरतिर बेलगाम
सत्ता जस्तै !
भैरहवा, हाल : काठमाडौं ।



# राजनीति र डस्टबिन

**योगेन्द्र तिमिल्सिना**

घरको एउटा कुनामा कसैलाई कुरिरहेछ डस्टबिन
मान्छे भन्छन् राजनीति एउटा फोहोरी खेल हो
मानिस मानिसका बीचको एउटा भ्रेल हो
मदारीले बाँदर नचाउने तमासे मैदान हो
म भन्छु खेलले राजनीतिलाई फोहोरी बनायो
खेलखेलमै जब मान्छे हार्छ र
मैदानको एउटा कुनोबाट अर्को कुनामा उछिट्टिन्छ
ऊ केरा, सुन्तला र बदामको बोक्राजस्तै फ्याँकिन्छ डष्टबिनमा
जिन्दगीभर तिमीले बलिया बाङ्गाहरूको राजनीति गऱ्यौ
तिमी पछि पछि लाग्यौ, जसले जे भन्छ गर्दै गयौ
झण्डा बोक्यौ, आन्दोलन गऱ्यौ मान्छेकै विरुद्धमा
आखीर तिमीले के पायौ ?
सास्ती पायौ, गरिबी पायौ र आज डष्टबिनको बास पायौ
मान्छे आदिम कालदेख आन्दोलित छ
अनेक खालका भ्रान्ति र क्रान्ति मान्छेबाटै भएका छन्
किन टुङ्गिएन यो भ्रान्ति, किन टुङ्गिएन यो क्रान्ति
मान्छेको मन नै अशान्त छ, अस्थिर र असन्तोषी छ
छुद्र छ, ईर्ष्यालु छ र पाखण्डी छ
मान्छेले किन मान्छेको विरुद्ध हतियार उठाउँछ ?
बम हान्छ, बारुद पड्काउँछ ?
मान्छे मान्छेसँग लड्छ, भिड्छ, मान्छेले मान्छेलाई मार्छ
खोइ त शान्ति ?
राजनीतिलाई सोध के यो तिमीले नपाउने वस्तु हो ?
जिन्दगीभर आशैआशामा तिमी कसैका पछि लाग्यौ, राजनीति गऱ्यौ
अहिले रगत जमेका कक्रक्क परेका हात खुट्टा खुम्च्याएर
झोक्राएर कुनामा बस्छौ चाउरिएर खुम्चिएको अनुहार देखाएर
डष्टबिनमा फ्याँकिएको गुदी चुसिसकेको आँपको कोया झैं ।
धापासी, काठमाडौं ।

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

# जाडो कठाङ्ग्रिँदा

**रमेशजङ्ग थापा**

सान्निध्यसितको उन्मुक्त प्रहारमा
विगत, आगत र अनागत यात्राको
अविश्राम खेल-मेल-भेलमा
एक मुठी पानी बाफ बनिसकेछ
जाडो कठाङ्ग्रिएर बरफ भइसकेछ
यो बेहिसावको घुमाउरो हिसाब किताबमा
के भयो ? के भएन ? के रह्यो ? के रहेन ?
आगमन, पुनरागमन र प्रत्यागमनको
यस विचित्र-चित्र भुँवरीभित्र सुई घडीको घुमिरह्यो
टीक...टक...टिक...टक....
भरखरै हो यो आइसियूको सघन कक्षमा
प्रत्येक पल..पल, हरेक रहर...रहर
बाँड्दै...बाँड्दै, थरथर...थरथर काँप्दै-काँप्दै
उसले शिशिरको विनम्र घाम ताप्यो
ग्रीष्मको शीतल छहारी ओढ्यो
साँघुरो छतमाथिको निलाकाश सम्झ्यो
पारदर्शी मनको मधुर गुम्फनमुनि
उसले केवल आफू भेट्यो र आफूलाई भेट्यो...
छलछन्द गीतका लघुलय स्वरमा
ढुकढुकी मुटुका मन्द...मन्द वेगमा
उसका बाँकी टाँकी सपनाहरू
सलाइन पानीका थोपा ...हर थोपा सँगसँगै
हरेक चेष्टाहरू बाँडिरह्यो....बाँडिरह्यो
ऊ पुनः बाँच्ने छ र हाँस्ने छ
ऊ अझै नाच्ने छ
अल्प वस्त्रमा बेरिएका उसका स्थुल आकाङ्क्षाहरू
एक अपरिचित सेरोफेरोमा घुम्दा-घुम्दै फनक्क फन्को मार्‍यो
आँखा अचानक निस्तेज बनी सास-घाँटी हिरिक्क भयो
यसरी जाडो कठाङ्ग्रिँदा एक मुठी पानी बाफ बन्यो ।

चाबेल, काठमाडौं ।



# अस्तुको अस्तित्व

**रमेश भट्टराई 'सहृदयी'**

सजिसजाउ बधशालामा
ध्वजा, पताका, अबीर, मालामा
बुद्ध भक्त हुँ भन्थे
अहिंसा परमो धर्म कहन्थे !
सद्भाव र सद्विचारको सानो पोखरीमा
अनायास वाचाल व्याधाले सिकार बनाए
लाचार कर्मी मौरीलाई हाय ! घारै उखाडेर
अझै खोइलो मात्रै बाँकी राखेर
कि त्यो डढ्छ अब
या त प्राङ्गारिक मल मात्रै सायद
तड्पी तड्पी कुहियोस् भन्नेहरूको
चिया पाटीमा एउटा हाँसो पात्र बस् ।
हो हजुर
म देख्छु- पुजारी मन्दिर फोड्दै छ
भिखारी कटौरा तोड्दै छ
मुख र पेटको रोइलो हेर
चटकी ढोल पिटेर सभ्यता बेच्छ मान्छे
सकुनी मुटु बोकेर बोक्रामा युधिष्ठिर जलप जोडेर
के अझै पनि कलियुग बोध भएन र ?
जलपको रङ टिलक्कै टल्कियो !
तर मैले हरक्षण स्वाभिमानको टोकरी बोकेर
हरश्वास मित्रताको हात जोडेर
भरिलो घोगोबाट खोयो बन्दै-बन्दै
निखिसकेको पत्तै पाइनँ
कोदोलाई तोरी भन्न लाइँ
स्वाभिमानलाई बेच्न बजार धाइनँ
अफसोस एक-एक डोबको पहिचान छ मेरो
भरिलो दानाको अस्तित्व छोडेर
केवल अस्तुको दायित्व बोकेर
तर अझै हार्दै नहारी बाँच्नु छ अझै
गुलाबी उद्यानमा नाच्नु छ अझै ।

# घडेरी

**रमेश समर्थन**

उसले
खोलाको बगरमा
बोराले बारेको महलको बार्दलीबाट
बाहिर निस्केर
हेऱ्यो माथि आकाशमा
जहाँ थियो एउटा सूर्य
सूर्य, जुन सिङ्गो थियो ।
सोच्यो उसले
भन्छन् यो पृथ्वी
यही सूर्य फुटेर बनेको हो
र भन्यो
'यदि हो भने ए सूर्य !
फुटिदे न एकपटक फेरि
र बनाइदे
एउटा नयाँ पृथ्वी
जहाँ
मेरा निम्ति पनि होस्
एउटा घडेरी !

सृजनागृह, मङ्गलापुर, रुपन्देही ।

# सन्नाटा

**रासा**

घरहरू छन्
तिनमा मानिसहरू पनि छन्
तर जीवन जीवनजस्तो छैन
लमतन्न सुतेका छन् सडकहरू
कसैलाई कहीं कतै पुग्नु छैन
कहाँ छ गन्तव्य पत्तो छैन
रूखहरू मस्त नाचिरहेका छन्
र पन्छीहरू स्वतन्त्र उडिरहेका छन्
बल्ल
घाम घामजस्तो लागेको छ
पानी पानीजस्तो परेको छ
हावा हावाजस्तो बहेको छ
आकाश आकाशजस्तो देखिएको छ
आकाशमा बादलहरू पनि
बादलजस्तै छाइरहेका छन्
र नदी पनि नदीजस्तै बगिरहेको छ
यति वेला
केवल सन्नाटा चिच्याइरहेको छ
चुपचाप छ कोलाहल ।

**शब्दार्थ प्रकाशनको वेबसाइटमा**

**वैजयन्तीका सबै अङ्क,**

**हाम्रा सबै गतिविधि,**

**शब्दकोशहरूको सफ्टवेयर र कार्यक्रमका तस्वीर,**
**फिलिम तपाईंका लागि उपलब्धिपूर्ण**
**हुन सक्छन् !**

web : www. shabdarthaprakashan. com/
www. nepalipublisher. com




# ऊ गयो

**राजेन्द्र श्रेष्ठ**

ऊ गयो, चुपचाप गयो
कसैलाई थाहै नदिई गयो
आउँदा एक्लै आएथ्यो र जाँदा पनि एक्लै गयो
फरक यत्ति न थ्यो
ऊ आउँदा खुसी ल्याएथ्यो, जाँदा दुःख दिएर गयो
जानु त छ तर जान्छुसम्म नभनेर गयो
म जाँदा नरुनु है भन्नसम्म आएन
न साक्षी, न सदर, न वाचा, न बिदाइ भेट
एक्लै थाहै नदिई गयो
शून्य सन्नाटामा बिलाएर गयो
निर्जीव तस्वीरचाहिँ छोडेर गयो
आमालाई रुवाएर गयो
        ऊ गयो एक्लै गयो
        लानेले सुटुक्क लिएर गैदियो
        जाने पनि थाहै नदिई गै दियो
        नियतिको क्रुर ठट्टामा बाँच्ने पिल्सिनुपर्ने भयो ।
        घातमाथि अन्तर्घात थपिई नै रहने भयो
        जाने त निस्फिक्रीसाथ गयो
        कहिल्यै नफर्कने गरी गयो
        बाँच्नेको हाँसो लिएर गयो
        आँसु थोपरेर गयो
ऊ गयो, एक्लै गयो
आफन्त सब रूवाएर गयो
ऊ आगोमा डढेर गयो-पानीसँग बगेर गयो
माटोसँग मिल्न गयो/हावासँग उडेर
कसैले भेट्न नसक्ने ठाउँमा गयो तर छोडेर गयो ।
आफन्तलाई सहाराविहीन बनाएर गयो
हजारौं सपना लत्याएर गयो
ऊ गयो, चुपचाप गयो/कसैलाई थाहै नदिई गयो
केही नलिई आएथ्यो, केही नलिई गयो
तर सबैलाई बाटो देखाएर गयो ।

कागेश्वरी मनोहरा-१ ठूलाढिक ।

# काठमाडौं शहर

**राजेशमान के.सी.**

देशकै प्रचीन नगर हाम्रो काठमाडौं शहर
अनेकथरी मानिस बस्छन् अनेकन् छन् रहर
काम होस् या घुमघाम यहीं आउनुपर्ने
दुई दिनको काममा पनि महिनौं धाउनुपर्ने
काठमाडौं पहिले थियो सुन्दर प्राचीन नगर
जतातते देख्छौं अहिले प्रदूषण र फोहर
जता हेर्‍यो त्यतै धुलो, धुवाँ र प्रदूषण
तैपनि पाएको छ राजधानीको आभूषण
कहिले ग्यासको अभाव त कहिले खानेपानी
वहाँ भने काठमाडौं देशकै राजधानी
खेती गर्ने जमीनमा उम्रेका छन् घर
ऋङ्किट जङ्गल पो बन्दै छ काठमाडौ शहर
पीचमाथि पीच कतै ढलकै छैन निकास
मुख नछोपी हिँड्नै गाह्रो यही हो त विकास ?
काठमाडौंमा अचकाली भयो बसाइँ-सराइ
पुग्नुपर्छ विकास अब हिमाल-पहाड-तराई
काठमाडौं हाम्रो देशकै महानगरपालिका
व्यवस्थित विकास गर्ने खै त कार्य तालिका ?
काठमाडौंको विकास गरौं जोगाई संस्कृति
आधुनिकताको नाममा नत्र आउँछ विकृति
काठमाडौंमै सबै कुरा हुँदा केन्द्रीकरण
खेतीयोग्य जमीन पनि भयो खण्डीकरण
काठमाडौंमा घर ठड्याउने धेरै गर्छन् रहर
त्यही रहरले बनेको छ अव्यवस्थित शहर
लिच्छवीकालीन-मल्लकालीन हाम्रो सम्पदा
संरक्षण र संवर्धनमा छैन तत्परता
काठमाडौंलाई ज्ञान-विज्ञानको बनाऔं सङ्गम
यसैमा छ हामी सबै नेपालीको मङ्गल ।

गठ्ठाघर, भक्तपुर ।

**के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?**



# लेखक मन

**रञ्जु खनाल**

मभित्रको लेखक कलम समाएर
हेर्छ, गम्छ, पर्गेल्छ र पुनर्लेखन गर्छ
मेरो अन्तरात्माको शब्द नै
मेरो सौन्दर्य हो, हृदय नै किताब हो
भावनाको लिपि नै लेखनकला हो
अगोचर लेखक प्रस्तुत हुन सम्भव छैन
गोचर भएमा, बल्ल लेखक जन्मिन्छ
तर हुर्कनचाहिँ पाठकको
मनभित्र बस्न सक्नुपर्छ
किनकि शून्य कागजमा
पोखिएका भावनाले
पाठकको मनमा बस्न सक्नुपर्छ
तब मात्र लेखक हृदयको
मौलिकता कोमलता अनि
सौन्दर्य पोखिई सदृश्य भएर बग्न थाल्छ
अनि मात्र त्यो कलात्मक
शैलीको रचना बन्न सक्छ
भावनाको गहिराइमा पुगेर
एक्कासि उचाइमा पुग्दछ
चरम शिखरका चूलीहरू
चुम्न थाल्छ अनि
मभित्रको लेखक जन्मिन्छ, हुर्कन्छ
त्यस समय मेरो मन
शून्यमा एकाकार हुन पुग्छ
शून्यभित्रको शून्यतालाई चिर्दै
वर्षौंदेखि गुम्सिएर ढुसीपरेको
मेरो मन, कलमको माध्यमले
विगत, वर्तमान र भविष्यको
त्रिकोणात्मक सङ्गममा
प्रवेश गरी भावुक हुन्छ
अन्ततः मेरो लेखक मन
लेखक नभएर पाठक बनिदिन्छ
अन्तमा समीक्षक भएर
मूल्याङ्कन गर्न थाल्छ
तब असन्तुष्टि जनाउँछ
अनि म केलाउँछु, सच्याउँछु
थप्छु, घटाउछु
शब्दलाई जोड घटाउ गरी
भावमा डुबेर शब्दहरू थुपार्छु
तब मेरो मन पुलकित बन्छ
अनि एउटा खैराते लेखक बनिदिन्छु
विगतका भुक्तानहरू वर्तमानमा
तेर्स्याएर राखिदिन्छु अनि मात्र
मभित्रको लेखक मनले
दोहोरो भूमिका खेल्न थाल्छ

कोटेश्वर, काठमाडौं ।

# मन नदुखाऊ है

**हरि कोर्काली**

जाऊँ भनेर
मनले साह्रै कर गर्‍यो
टार्न नसकेर
आफू पनि सँगै आएको छु
रित्तोहात कसरी जाने भनेर
अप्ठ्यारो लागिरह्यो
अलिकति माया पनि
मनकै खल्तीमा लुकाएर ल्याएको छु
थोरै भयो भनेर मन नदुखाऊ है
भेटेसम्म माया लुटनेहरू
बाटोभरि छ्यासछ्यासती
सलबलाइरहेका थिए
यत्ति पनि
बडो मुस्किलले जोगाएर ल्याएको छु ।

# समय

**रञ्जुश्री पराजुली**

मान्यजनलाई सम्मान गर्ने कुरा
इतिहास बनिसक्यो
आमाबाबाले बनाएको घर
विस्थापित भैसक्यो
आश्रम र सेवा केन्द्रहरू
च्याउ उम्रीए सरह बनिएर
आमाबाबा ओतिएका छन्
तिनै च्याउ रूपी छातामा थुनिएर
तातो रगत र युवा जोशले
आफ्नो सबै बिर्सायो
बल र बलियो खल्तीले
आमाबाबालाई पराई तुल्यायो
भोलिको समय कस्तो हुन्छ
आफ्नो पनि हाल उही
अशक्त रोगी र कमजोर हुने
हेक्का छैन दम्भ छ जहीं
मृत्यु कुरा बिर्सिएर यस क्षण
जोश जाँगर र स्फुर्ती भन्दा पनि
सत्य केही मानिदैन त्यस क्षण
सबैको उहीं हालत हुने जान्दा पनि
सोझिँदै जीवनमा आउँछ
गल्ती थाह हुन्छ जीवनमा
समयचक्र हो घुम्दै गीत गाउँछ
यो क्रम हो सृष्टिको नियममा
उपाय अरू केही देखिँदैन
वाध्य बस पुग्नुपर्छ
आफू पनि पालो हो तिनै
आश्रम र केन्द्रमा नै भर छ ।

# देशको माटो

**रश्मि रिमाल**

कर्मका पाइलाहरूले
आशाको बिउ रोपेर
हे देश ! तिमीसँग बाँच्न चाहन्छु र
तिमीसँगै मर्न चाहन्छु
जीवनका दोबाटोहरूमा पाइला चाल्दै
हे देश ! तिमीसँग हिँड्न मन छ
खोलाको नियति
नदी र सागरमा डुबुल्की मार्दै
तिम्रो पछिपछि दौडिरहने मन छ
खबरदार देशलाई नजिस्काऊ
एक दिन तिम्रो धरातल नरहन सक्छ
जीवनका क्षणहरू बाधा पुऱ्याउँदै
मेरो गतिसँग हुन्छ मेरो देशको माटो
केवल सोच्दासोच्दै
घडी र पलाहरूको गति देखेर
झस्याङ्ग हुन्छ मेरो देश
म सोच्न थाल्छु
मेरो अघिल्तिर
समय परिवर्तन भएर
कहिलेकहीं मन नै तरङ्गित हुँदै
त्यसै त्यसै मोहित हुन्छ
मनभरि मेरो देशको माटो
माटोको सुगन्ध लिएर
तिमीसँग प्रार्थना गर्छु
देशको माटो हातमा राखेर
म तिमीसँग वाचा गर्छु
जन्मभूमिलाई मैले केही दिनुपर्छ
बिन्ती गर्दै भगवान्
मेरो देशको माटो
सदा मेरै रहिरहोस् ।



# सागर मन्थन

**रामकुमार पण्डित क्षेत्री**

सागर मन्थन गरिरहनुपर्दैन मेरो साथीलाई
फिरङ्गीले उभ्याएको जगमा
ऊ आफै व्यवस्था गर्छ रम्भा, उर्वशीहरूलाई
रातो बत्तीका बासहरूमा
उसलाई खाँचो छैन, सागर मन्थनको
अमृत बनाउने धन्वन्तरी झैं डाक्टर
कामधेनु गाई पाल्ने कृषक
कल्पवृक्ष उमार्ने बाबाहरू
आफ्नै भूमिमा पाएर गद्गद् छ
सागर मन्थन किन गर्नू उसले ?
पारिजात फूल आफैं फुल्छन्
कौस्तुवमणि धनाढ्यको कब्जामा राख्छ
लक्ष्मीको पूजा गर्छ
पाञ्चजन्य शङ्ख पीत पत्रकारलाई बजाउन दिन्छ
चन्द्रमामा घर बनाउने सपना देख्छ
हात्तीघोडाको उपयोग देख्दैन अचेल
वारूणी देवीलाई खुला छोडी
मदिराको पसल अगाडि घण्टौं लाग्ने
लामो लाइनमा राख्छ खरिदकर्तालाई
उसले समुद्र मन्थन नगरिकनै
आफ्नो संस्कारले जानेको छ
हलाहल विष बनाएर, प्रयोग गर्ने सीप
त्यस्तो खतरनाक वस्तु, मेरो घरतिर फ्याँक्छ
कहिले कोरोनाको खोप एक डोज दिएर
अर्को डोज रोक्ने शासकको भेषमा
कहिले सीमा सुरक्षा चौकी भत्काउने तस्करको रूपमा
कहिले महाकालीमा तुइन तर्दातर्दै
डोरी काटी असहायको ज्यान लिने राक्षस भएर
कहिले असमान सन्धिमा अट्टाहास गरेर ।

# बुबा नभएको घर

**रामप्रसाद पौडेल**

पिँढीको डिलमा बसेर पिच्च पिच्च आँगनमा थुक्दै
ठूला ठूला सपनाहरू सजाएको मलाई अलि अलि याद छ
काया गल्दै गएर बूढो सिमलजस्तो भइसक्दा पनि
परिवारको निम्ति नचुहिने ओत र एक माना चामलको
लाज ढाक्ने एकसरो कपडा र एक निन्द्रा सुत्ने सुकुलको
मर्दा अरूले दुत्कार्न नआओस् भनी अन्तिम श्वास फेर्न
एकधुर लालपुर्जाको सपना देख्दादेख्दै गर्लम्म ढलेको
मेरो परिवारको इतिहास मलाई अलिअलि याद छ
अहिले सम्झन्छु, परिवारमा बाबु हुनु भनेको
युद्ध लड्न निस्केको सिपाहीको टुकुडीमा
छाती थापेर गोली खान तयार बहादुर सिपाही हुनु हो
लर्खराउँदै हिंड्ने अभ्यासमा खुट्टा नथामिएर लड्न खोज्दा
च्याप्प समातेर काँधमा बोक्ने बलियो सहारा हुनु हो
बाबु हुनु भनेको मेरो खुसीमा उन्मत्त हाँसो हाँस्ने ओठहरू हुनु हो
मेरो दुःखमा निचोरिएर भित्रभित्रै रुने मनहरू हुनु हो
मलाई हेरेर सपनाको महल ठड्याउने स्वप्नदर्शी योद्धा हुनु हो
जीवन खिइएर पातलो पातलो हुँदै जाँदासमेत
नयाँ जीवनको परिभाषा खोज्ने जीवनद्रष्टा हुनु हो
सम्झन्छु, बुबा नभएको घर बत्ती बालेर झलमल्ल पारिएको त हुन्छ
तर त्यहाँ उज्यालो तेज हुँदैन
छरपष्ट छरिएका परिवारका टाउकाहरू हुन्छन्
तर त्यहाँ शिर हुँदैन, एकता र आँट हुँदैन,
सबैलाई समेटेर एकमुस्ट हाँस्न सक्ने ओठ हुँदैन
सबैलाई हृदयमा अटाएर रूँन सक्ने आँखा हुँदैन
उजाडिएका सपनाहरू, टुक्रिएका भावनाहरू
परिवारका सदस्यहरूमै मत मतान्तर
बुवा नभएको घर गाइनेले रेट्न छोडेर मिल्काएको
सारङ्गीको तारजस्तो हुन्छ
ग्रहणले ढाकेर तेज लुटेको सूर्यको उज्यालोजस्तो हुन्छ
वर्षौंसम्म नगाइएर मृत बनाइएको मृत्यु धुनजस्तो हुन्छ
साँच्चै बुवा नभएको घर भर्खरै लास दफनाएर फर्किएको मसानजस्तो हुन्छ

मनहरी-१ मकवानपुर, हाल: विराटनगर ।




# तिम्रै लागि

**लक्ष्मण थापा**

क्षमाको शैलकुटमाथि अखण्ड दियो प्रज्वलित छ
तिम्रै लागि तिम्रो मधुर गीतको माधुरतामा
मन उडी उडी जान्छ/मन डुबी डुबी जान्छ
दैहिक बन्धन छुटाएर प्राण
निशिदिन उडिरहन्छ निशाकर उन्मुख भै
जो मधुमय उत्सवको आयोजनामा प्रतिबद्ध छ
उडिरहेको हंसका प्वाँखहरू उडिरहन्छन्
मेघ गर्जन उल्का वर्षा, थुर्थुरी हुन्छ धराको मन
दुर्धव्य सपना अशेष/दुर्गम उडान विशेष
शेष हातमा भ्रमपूर्ण शून्य
मिथ्या अश्वारोही पर्खिरहन्छ
शीलावृष्टि होस् मन्दिरको गजुरमा
टुटी जाओस् तारको तराना
कपोलस्पर्शी उरन्ठेउलो समीरण
वासना सुरभित भै उदात्त हुङ्कार गर्छ
त्यसैबेला मनको चाञ्चल्यता सौरभित हुन्छ
वर्तुलाकार जीवनको परिधिमा स्वर्णाक्षर जडित रङ्गीन पताकाहरू
फिर फिर फिर फिर गरी फर्फराइरहन्छन्
सान्ध्य अवकाश मादक प्रकम्पन लिएर आउँछ
र आवारा भै निस्कन्छ उत्कण्ठित मन सुधो आशले
विनाअभीष्ट वश एक अनुभावना
मृत्तिका तनभित्र, मृत्तिका मन
मृत्तिकाको मोहमा, मृत्तिकाको मायामा
मृत्तिकाको रागमा विकल प्राणपखेरू
मृत्तिका बन्धनमा बाँच्न चाहन्छु/भ्रमको बन्धनमा बाँच्न चाहन्छु
मृत्तिका सौरभामृतको आनन्द अनुभूत गर्न चाहन्छु
अनासक्त, अनावृत, अकुण्ठित, अविनश्वर
सागरको प्राचीन द्वार खोलिदिएको छु तिम्रै लागि
हेर एकचोटी अनौठो अमूल्य निधि, लुकेको छ जीवनभित्र
घुस घुस सूक्ष्मतर भै अवचेतनतिर ।

पोखरा-६ हाल : टेक्सास ।

# दुःखको हिमनदी र सपनाको महल

**लीलाराज दाहाल**

फेरि तिमीले
हुर्कायौ मन भित्रभित्रै
अनगिन्ति सपनाहरू
सपनाको ठूलो महल
चाहनाको सुन्दर बगैंचा
ऐसको चलायमान बोलेरो
दुई छाक
अघाउँदी खान पाउनुको सुख
चैनको मीठो निदले
रात काट्नुको आनन्द
फेरि तिमीले एउटा सपना हुर्कायौ
नबगुन् कहिल्यै पनि
तिम्रा आँखाका डिलबाट
दुःखका हिमनदीहरू
नसुसाओस् वेदनाको कर्णाली
कलेटी नपरून् कहिल्यै पनि
तिम्रा ती गुलावी ओठ
नदेखून् तिम्रा आँखाले
अभावको डर लाग्दो अजिङ्गर
बस्नु नपरोस् कहिल्यै तिमीले
भय र त्रासको रूख मुनि
नभत्किऊन् कहिल्यै पनि
तिम्रा ती सपनाका महल
नमैलिऊन् चाहनाका सुन्दर गलैंचा
नढलुन् समुन्नतिका ती हरियाली वृक्ष
तिमीले फेरि हुर्कायौ मन भित्रभित्रै
अनगिन्ती सपनाहरू !

वागमती ११, कर्मैया, सर्लाही ।

# भित्तो

**विनोद दाहाल 'वत्स'**

खोलो सुसाएझैं
सुस्केरा हालेर मझेरीमा
तिमी रिसाएका बेला
पत्कर उडाएझैं लाग्छ मलाई
चैते हुरीले
चक्रवातमा घुमाएर फनफन
म लाटिन्छु त्यस बेला
भित्तातिर हेर्छु टोलाएर
रङ खुइलिएको, फुङ्ग उडेको भित्तामा
टाँसिन्छु म, आफूलाई टाँस्छु त्यहीं
जीवन साटेर भित्तोजस्तै बन्छु म
र मजस्तै बन्छ भित्तो
भित्तो रित्तो छ
हाँसो लुटिएको छ त्यसको
हेरिरहन्छ मलाई उदास आँखाले
तस्वीरविनाको भित्तो टुलुटुलु
काला धर्साहरू पानी चुहेर बगेका
पाप्रा उक्किएर कक्रक्क
भित्तामा टाँसिएको मेरो नियति
भित्तामै अनुवाद भएको छु म
निर्जीव, अस्तित्वहीन
धुलिधुसर फुस्रो, खैरो, सेतो
ढुसीको दाग भरिएको
जीवनको प्रतिनिधि ओसको गन्ध
भुसिलो हरक नाक खिहि्याउने
रागिलो कोठाको म बासिन्दा
ऐँठन हुन्छ दिउँसै
र घरका कोठाका भित्ताहरू
रातमा पनि टुलुटुलु हेर्छन् मलाई
त्यसैले उदास हुन्छु म
आँखा टाँसेर बस्छु भित्तामा ।



# सम्झनामा बा

**विनयकुमार शर्मा नेपाल**

धरती मौन भएको छ, आकाश मौन भएको छ
मात्र शब्द छ, बाँकी सबै मौन छ
तर 'शब्दसागर' बोलेको छ र बोलिरहनेछ
नेपाली भाषा, साहित्य र शिक्षाको
निरन्तर सत्तरी वर्षको कठोर साधना
हजारौं हजार
मजस्ता शिष्य र सन्तति जन्माउने
एउटा सूर्य आज मौन भएको छ
एउटा गुरु आज मौन भएको छ
लिनु र दिनुको गर्भ सम भनेर बुझेपछि
पीडाको मर्म इच्छा भनेर जानेपछि
कसैबाट कुनै आशा नराखेपछि
लोभ र लालच विलिन भएर स्वार्थ निःशेष हुन्छ
अनि
मान्छे कठोर र निर्भीक बन्छ
एक किसिमको पत्थर बन्छ
र ऊ निरन्तर स्वार्थीलाई नपच्ने सत्य बोल्छ
तर आज त्यही निर्भीकता पनि मौन छ
त्यसैले आज मेरो लागि धरती मौन छ, आकाश मौन छ
तर सावधान !
बाँचेर पल पल मर्नु मृत्यु हो
मरेर वा बाँचेर पल पल बाँच्ने कर्म गर्नु
मृत्यु होइन, काल जित्नु हो
जीवन्त बन्नु हो
मरेर युग युग बाँच्नु हो
त्यसैले सावधान !
उहाँ अझै हामी माझ नै हुनुहुन्छ
दर्जनौं दर्जन स्कुल र कलेजमा
दर्जनौं दर्जन सामाजिक संस्थामा
सयौं कृति र लाखौं शिष्यमा
शब्द शब्दमा, तत्त्व तत्त्वमा ।

# सत्ता र स्वाभिमान

**विनोद नेपाल**

बेचेर इमान, बन्धक राखेर स्वाभिमान
भीडमा रमाइरहेछन्
उफ्रिउफ्री नाचिरहेछन्
निस्फिक्री हाँसिरहेछन्
यता, सत्ताका मालिकहरू
उता आँखाभरि सुखको सपना सजाउँदै
बिर्सेर बैंस
खुसी खोज्न विदेसिएका हर्षेहरू
बन्द बाकसमा फर्कने क्रम रोकिएको छैन
कोही फर्किरहेछन् ह्वीलचेयरमा
विमानस्थलमा रुवाबासी रोकिएको छैन

थाहा छ, रेमिट्यान्सले चलिरहेको छ देश
अनि रमाइरहेछन् सत्ताका मलिकहरू राहदानी बनाउनेको लाममा
निर्यात गरेर आफ्नै अजश्र स्रोत र शक्ति
मुसारिरहेछन् आफ्ना चिल्ला गाला
र ताउ लगाइरहेछन् जुँगामा
बैंसमा एक्लिनु परिरहेका नव यौवनाहरूको पीडा नबुझेझैं
टुटेका परिवार र बिग्रेका सम्बन्धहरू नदेखे, नसुनेझैं
डाँडाको घाम बाबुआमाका तुहिएका सपना
अनि बढ्दो परनिर्भरताको मेसो नपाएझैं ।

ए मेरो देशका सत्ताका मालिकहरू हो !
कृपया आँखा खोलेर हेर उजाडिएका गाउँ बस्तीहरू
बाँझिएका ती गरा र पाटाहरू
निर्जन हुँदै गएका बाटाहरू
सुनसान, लैबरीमा रमाउने ती उकाली ओरालीहरू
तिमी रमाउनु भिन्नै हो
रेमिट्यान्सले बैंसालु मन बुझाउन कहाँ सक्छ र ?
ठूले र ठूलीको मन रमाउन कहाँ सक्छ र ?
स्वाभिमान जोगाउन कहाँ सक्छ र ?

पोखराथोक, माडी, पाल्पा ।



# अविश्वास

**विनोद महत**

बाघले सिनो लुछ्या देख्दा ठिकै लाग्थ्यो
अदालत लुछेको देख्दा, भन !
कसलाई ठीक लाग्ला ?
लुछाचुँडी भागबण्डा
पहिरोले मिच्चिँदा पनि सुनियो
विपत्तिमा पनि देखियो
सरकार छैन जस्तो साबित गरे
कालो कोट पहिरहनेले
निमुखाहरूले विश्वास गर्ने
न्यायालय नै कसैको बन्धनमा किन ?

पाँचथर ।

# धर्ती नबिर्सनू

**विष्णुप्रसाद आचार्य 'अतृप्त'**

चन्द्रमा टेक्दैमा
धर्तीलाई नबिर्सनू
जसरी आकाश छोए पनि
जराले जमिन छाडेको हुँदैन
जसरी उड्नु अघि
गुड्नै पर्छ विमानले पनि
जसरी बेसी होचो भएकै कारण
शिखरको उचाइ अग्लो देखिन्छ र
जसरी धरहराको स्वाभिमान
हात्तीपाइलेले धानिदिएको छ
उचाइ छुनू अनि अग्लिदै जानू
तर धर्तीलाई पटक्कै नबिर्सनू ।

विदुर, नुवाकोट, हाल : काठमाडौं ।

**नेपाल-साहित्य समाज**

**'वसन्त-राधा पद्यकाव्य पुरस्कार'बाट सम्मानित**

१. २०६८ डिल्लीरमण शर्मा अर्ज्याल
२. २०६९ पुरुषोत्तम सिग्देल तथा गोविन्दराज विनोदी
३. २०७० बुनू लामिछाने
४. २०७१ भुवनहरि सिग्देल
५. २०७२ लक्ष्मीकुमार कोइराला
६. २०७३ बाजुराम पौडेल तथा गणेश घिमिरे मार्मिक
७. २०७४ मोदनाथ शास्त्री तथा नरेन्द्र पराशर
८. २०७५ गोविन्द घिमिरे वेदमणि तथा नीलमकुमार न्यौपाने
९. २०७७ डा.रामप्रसाद ज्ञवाली

**'हेमकुमारी-दिवाकर समाजसेवा सम्मान'बाट सम्मानित**

१. २०६८ प्रणवानन्द आश्रम, गुह्येश्वरी
२. २०६९ चिसाखोला आश्रम, पोखरा
३. २०७० भागवत् सन्न्यास आश्रम, पशुपति
४. २०७१ पवित्र समाज सेवा नेपाल, धापासी
५. २०७२ त्रिफला राष्ट्रिय पुस्तकालय, झापा
६. २०७३ संस्कृत विद्या संवर्द्धिनी समिति, धरान
७. २०७४ हाम्रो बाल संरक्षण धरोहर, धापासी
८. २०७५ द ओरफान होम, बाजुरा
९. २०७७ नेपाली शिक्षा परिषद्, काठमाडौं

## मनको धूलो

डा. विश्वदीप अधिकारी

देखेको मात्र पत्याउनेहरूको भीडमा
सत्य अनर्थ हुने नै भयो
धन भएर पनि फुङ्गा
लुगा लगाएर पनि नाङ्गा
लफङ्गा रवाफीहरू
कसरी पत्याउन्
रूखभित्रको आगो
तोरिको दानाभित्रको तेल
सबै फूललाई पलाँस सम्फनेहरू
वाल्मीकिले हनुमान् उडाएको भन्नेहरू
कसरी दुर्वासाको रिस
स्वार्थरहित मान्छन् र ?
पटक्कै मान्दैनन्
परीक्षितले थाहा पाएको मृत्यु
आँखाले नदेख्नेहरूको लागि
फगत वेदव्यासले
हालेको कथा मात्र न हो ?
खल्तीमा काइँयो र ऐना भिरी
वेला-वेलामा
कपाल तलासेर ओठ मिलाउनेहरू
कसरी देख्छन् र
आफ्नै मनमा जमेको पत्रैपत्र धूलो ?
विश्लेषण त मनले मात्र होइन
आँखा, नाक, कान सबैले गर्छ
खै आफैंले सास फेर्ने हावा
उनीहरू कहाँ देख्छन् कुन्नि ?
कहिले देखिएला
उषाको स्वर्णिम किरण ?

## दोबाटो

शर्मिला तिमल्सिना

गन्तव्य कताको हो थाहा छैन
बाटो लाग्यो मान्छेको भीड
गाडीको चाप
दुर्गन्ध क्षेत्र
काकाकुल शहर
कोलाहल फोहोरी राजनीतिको
दलदलमा फसेका
केही बुद्धिजीवीहरू
सडक पेटीमा निदाइरहेका
बालबालिका
वृद्धवृद्धा
विचौलिया र दलाल देख्दा
गन्तव्यमा पुग्न नपाई
टक्क दोबाटोमा उभिएर
सोचमग्न बनाउने रहेछ जिन्दगी
फेरि
मन खलबल
कोरोना कहर
शून्य अर्थतन्त्र
शिक्षा, स्वास्थ्य
गाँस, वास, कपास इत्यादिको अत्यास
पसिना खलखल बगेको पत्तै छैन
जिन्दगी
हो फेरि एक कदम अगाडि बढ्यो
अर्को दोबाटो कता जाने कता नजाने
रनभुल्ल अडिन्छ दोबाटोमै जिन्दगी !

बत्तिसपुतली -९, काठमाडौं ।

के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?



## त्यहीं त छु अगिपछि सँगसँगै

शङ्कर शाह

'तिमी कहाँ छौ' भनेर सोधेको
मुखबाट अनायसै निस्कन गएको हो कि ?
के बोलियो त्यसको होश नभएजस्तो लाग्दछ
मनमा नाना थरिका कुरा खेलिरहँदा
हात दुवै चलाएसरि महाकवि देवकोटाले
डिल्लीबजारको सडकमा हिँड्दा
अरूले देखे के भने होलान् सुद्धि हराएको
सुतेको बेला बर्बराएजस्तै
निन्द्रामा ओछ्यानमा हात खुट्टा चलाएको
नीदमै लडीबुडी खेलेर बिछ्यौनाबाट तल खसेको
आफूले केही थाहा पनि नपाउने
तर अरूले भने देखेर घचघचाइ बोलाइदिए
'हो र ? यस्तो भएको' भन्ने छक्क परेर ।
'म यहीं त छु तिम्रै अघिपछि सँगसँगै'
जवाफ पाएको सुने राम्ररी नै
आवाज यो कहाँबाट आएको ?
आकाशबाट आएर आकाशमै बिलाए कि ?
एक्लो एकान्त न्यास्रोको उपज
शून्यता चिरेर आएको शब्दको आवाज
आकाशले पारेको गाँठो हो कस्तो
आकाशले नै फुकाएको भने जस्तो
के आफूले सुनेको वा लागेको साँच्चै हो त ?
मायाको संसारमा हो कि सपना
लाग्दछ फफल्को हो तुल्य भावना ।
यो बोल्ने को हो बोलेको सत्य हो त ?
यो सुनेको प्रतिमास मैले सत्य हो त ?
देख्ने सुन्ने अनुभव गर्ने अभिव्यक्ति
प्रतिध्वनि गुञ्जेफै लाग्ने लीलाको प्रतीति
'म' यो 'म' भन्ने कोही छ को भान केही
छ के त व्यवहारमा आभास त्यसको केही
व्योमकुसुम सदृश/शशकसिङ सदृश
आसमानमा आसमान मिसिए समान ।

# धर्ती मलाई माफ गर

**शेखरकुमार श्रेष्ठ**

तिम्रै कोखमा जन्मी
तिम्रै काखमा हुर्के पनि
छातीको प्रेमरस खाए पनि
कोख र काखलाई
न्यानो र रसिलो बनाउन सकिनँ
माटो तिमीसँग थियो
हावा, पानी, घाम र आकाश थियो
त्यसलाई लिएर हरियाली दिन सकिनँ
म किसान/मजदुर
तल्लो तहको मजदुरी गर्छु
जाने जति मलजल राखेर बिउ छर्छु
खोइ कता के मिलेन ?
बोट जिङरिङ्गिएर रोगी बने
म मालिकको दास
सल्लाह दिने औकात बनाउन सकिनँ
बिउ राम्रै थिए तर
बिरुवा राम्रो बनाउन सकिनँ
माटै बिग्रिएको थाहा पाएँ
सपार्न सकिनँ
मालिकलाई खान लगाउन पुगेकै छ
पदप्रतिष्ठा मिलेकै छ
त्यसैले खेतमा मेरो श्रम परे पनि
विचार परेन
समय बदलिए
मौका मिल्यो भने
फेरि खेती गरौँला
हरियाली बनाउँला
त्यसैले समय नआएसम्म जनी गर
धर्ती मलाई माफ गर ।

दक्षिणकाली, फर्पिङ ।

# कठै बरा !

**सुमी लोहनी**

आफ्नो गर्धनमा आफैले
सर्वज्ञको बिल्ला भिरेका
नदेख्ने आफ्नो आङको भैंसी
देख्ने सधैं अरूको ज्यानको जुम्रो
मपाईंत्वले फुलेल बन्दै
चुर्लुम्म हुने आत्मरतिमा
स्वाभिमान, पहिचान पन्छाई
विरूप पारी संस्कृतिलाई
अरूले घोडा चढ्दा
आफू धूरी चढ्ने
महँगीले चुलो निभेका
विषादिले ज्यानै गालेका
अन्याय, अत्याचारले घाँटी ड्याकेका
भ्रष्टाचारको भङ्खारोमा भासिएका
सामाजिक सञ्जालमा कुर्लने
कानै नछामी कागको पछि कुद्ने
'कर'को करले
करङ कऱ्याककुरुक भएका
टुप्पोबाट पलाएकाको रजाइँ सहिरहेका
प्रदूषणको पासोका परेका
संवेदना सेलाउँदै गएका
सम्बन्धको घेरा साँघुरिएका
गुटउपगुटमा गुटमुटिएका
'म'बाट उठी 'हामी' हुन नसकेका
दुनियाँ देखे, जाने, बुझे पनि
सोच पुरातन नै भएका
व्यवस्था बदलिए पनि
अवस्था नबदलिएका
कठै बरा हामी !
कठै बरा !

भाटभटेनी, काठमाडौं ।



# उज्यालोको खोजीमा

**डा. श्यामप्रसाद न्यौपाने**

लड्नु लडियो बेथितिको हुरीबताससँग
खेलियो पौंठेजोरी दमन र विभेदका मतियारहरूसँग
उन्मुक्त एवं फराकिलो आकाशको लागि
अनि उज्यालोको आभासको लागि
उकाली र ओरालीमा गरा, गर्खा र भञ्ज्याङमा
कहिले मकै खाएर लडियो/कहिले भोकभोकै लडियो
स्वत्त्वको लागि देश अनि जनताको लागि
चुकझैं कालो राततुल्य समयमा
मिर्मिरेको खोजीमा, भाले नबास्दै
मिच्दैमिच्दै गुच्छाजस्ता चिल्ला आँखाहरू
तरबारका धारमा पाइताला राखेर हिंडियो
आँसुले प्यास मेटाउँदै गाउँ गाउँ, बस्ती बस्ती
उज्यालोको खोजीमा, स्वत्त्व र स्वतन्त्रताको खोजीमा
लामो समयको आँधीहुरीपश्चात्
भर्खर आकाश खुलेझैं लागेको छ
लामो समयको हिंडाइपश्चात्
भर्खर गन्तव्य नजिकिए जस्तो छ
आऔं थोरै भए पनि लामो यात्राको थकान मेटाऔं
चेतनाहीनताको अन्धकारले आँखामा लागेको जालो हटाऔं
आँखामा जोश र जाँगररूपी शीतलजल छम्कौं
अनि चिन्तन र व्यवहारलाई तरोताजा बनाऔं
अब जोश र जाँगरका साथ दशनङ्ग्रा खियाएर यो मृत्तिकामा
हिरा उब्जाउनु छ, मोती उब्जाउनु छ
प्राणप्रिय देशलाई सिँगार्नु छ/हो, अब झिलिमिली पार्नु छ
अशिक्षा, अविश्वास र अभावले
पिँडालुजस्तो भएको दुनियाँको मुहार
प्रेम, सद्भाव र मानवताले फक्रेको गुलाबझैं तुल्याउनु छ
मनमनमा शान्तिको सञ्चार गर्नु छ
आत्मानुशासित भई आफैंलाई खार्नु छ
बाह्यान्तर दुवैतिर उज्यालो छर्नु छ
हरेक मनमनमा समृद्धि र संयमको प्रकाश भर्नु छ ।

# बुद्धत्व

**समिना खनाल पृथा**

आफैंभित्र खोजी बुद्धत्व समेटिएको क्षेत्र
शान्ति र अमरत्व मिसिएको चित्रविचित्र
सीमारहित भक्ति र आस्था कोरिएको मार्ग प्रशस्त
मूर्तिभित्र पाइँदैन बुद्ध चेतनाको अभाव विचित्र
एउटै भूगोल चेतनाको सृष्टि अनमोल
समेट्दै निरपेक्षताले आस्था र विश्वासको धरोहर
मूर्ति पुज्ने होइन मानवतामा खोज भेटिन्छ ईश्वर
बुद्धिज्मले सिकाएको एउटा उत्कृष्ट ध्यान र विचार
संस्कार र संस्कृतिले निर्मित आफ्नो असल चरित्र
आस्था र चेतनाले भरिएको मन मस्तिष्क पवित्र
स्वीकार्दै निरपेक्षता बन्धनमुक्त भक्ति यत्रतत्र
भक्ति र साधना एकमात्र मार्ग, प्रण गरे मिल्छ आफैंभित्र
शान्ति-अहिंसा हृदयमै खोज, वादको लडाइँले ल्याउँछ बिकार
रङ्ग र सम्प्रदायले बन्दैन समाज निरपेक्ष र उदार
तेरो र मेरोको संस्कारले विश्व बन्दै छ विकराल
मूर्ति होइन चेतनाले खोल्नुपर्छ विश्वमा शान्तिको भण्डार
सीमारहीत भक्ति र बुद्धत्वले खोज्दैन श्वेत-गेरू वस्त्र
शान्ति र अहिंसा पाइन्छ हृदयमै किन खोजिन्छ यत्रतत्र
भक्ति, धर्म, शान्ति र निरपेक्षता आफैंमा हुन्छ स्वतन्त्र
स्वीकार्नुपर्छ सबै अस्तित्व विश्व बन्छ एउटै मानचित्र ।

**शब्दार्थ प्रकाशन**का **कार्यक्रमहरूका**
सबै भिडियो यता छन् ।
1. https://www.youtube.com/Shabdartha Music SM/
2. https://www.youtube.com/Shabdartha Prakashan\

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**



# हामी सत्ता माग्दैनौं

**सागर 'मणि' थापा**

हामी सत्ता माग्दैनौं स्वतन्त्रता माग्छौं...
हामी कर्मी हौं कर्म गर्छौं
मालिक पुज्दैनौं श्रमलाई पुज्छौं
कर्मथलो नै मन्दिर ठान्छौं
दान माग्दैनौं हक माग्छौं
अधिकार माग्छौं
हामी सत्ता माग्दैनौं स्वतन्त्रता माग्छौं...
हामी महल माग्दैनौं
एक छतको ओत माग्छौं
जग्गा जोतेको पोत माग्छौं
हामी सिँचाई माग्छौं, बिजुली माग्छौं
हामी सत्ता माग्दैनौं स्वतन्त्रता माग्छौं...
हामी भिखारी हैनौं भीख माग्दैनौं
कामदार हौं जे पनि गर्छौं
हामी तर्क गर्छौं, बहस गर्छौं
सम्झौताको कुरा गर्छौं
हामी सत्ता माग्दैनौं स्वतन्त्रता माग्छौं...।

**तपाईंले हामीलाई भेट्न खोज्नुभएको हो ?**
रचना, विज्ञापन वा पुस्तक-पत्रिकाको लागि
**शब्दार्थ प्रकाशनको कार्यालय**
**चाबेल, गणेशस्थान**
**०१-४४९७३५१/९८४१-४९६१०३**
**mail:** nepal.vk@hotmail.com / nepal120@yahoo.com / shabdarthaprakashan@gmail.com
**web:** shabdarthaprakashan.com / nepalipublsher.com

# बास्ने पोथी

**सुरेन्द्रलाल भुजु**

चारा पानी दिएकै छु
राम्रो खोर बनाइदिएको छु
बेलामा खोर सफा गरिदिएको छु
निहुँ खोजेर एउटा पोथी
बेला न कुबेला बासिदिन्छे
के गरौं म यो पोथीलाई ?

हुर्कंदो चल्लालाई ठुङ्ग्छे
भालेसँग लडेर
सिउर, आँखा रक्ताम्ये पारिदिन्छे
टोलै थर्कने गरी कराउँछे
बेला न कुबेला बासिदिन्छे
के गरौं म यो पोथीलाई ?

दिनभरि आँगनमा खेल्छे
बिस्कुन बुट्यान खान्छे
साथी सहेली कसैलाई सहन्न
साँझ खोर पसेपछि
बेला न कुबेला बासिदिन्छे
के गरौं म यो पोथीलाई ?

टोल छिमेक कराइसके
साथी मित्रले कति सम्झाइसके
'अलछिन पोथी राख्नुहुन्न'
तर मलाई माया लाग्छ
थुप्रै चल्लाका आमा हुन् ती
थुप्रै अन्डा पारेर सघाएकी छे यसले
तर बेला न कुबेला बासी दिन्छे
के गरौं म यो पोथीलाई ?

# माटो तिमी र म

**हरि थापा**

माटो तिम्रो हो, माटो मेरो हो
माटो तिमी हामी सबैको हो
खोज त मुटु बसाउँछ बसाउन्न ?
नाना, छाना र खानाका आश्वासनले
भरिएको थियो झोली बलेको थियो दियो धपधपी
तर झलमल्ल छन् आज डामिएका थाप्लाहरू
तारामण्डल ओडेका छानाहरू छटपटाइरहेछन्
पेटमा हात राखेर पीठोको खोजीमा अतृप्त आत्माहरू
आगो बलेको छ भित्र कतै
शीतले कक्रिएको छातीमा प्वालबाट छिरेको सिरेटोले
चिसिएको छ मुटु तर सकिनँ टाल्न
आमाको फाटेको आङ/बाबुको सुरालको घुँडा
र घेरो फाटेको टोपी
सबै सबै पुरे रित्तिए झोलीहरू
बिलाए सुकिला सपना र निभे आश्वासनका दियोहरू
